प्रदेश सभा

# सामाजिक विकास समिति

# वार्षिक प्रतिवेदन, २०८१



**सामाजिक विकास समितिको सचिवालय**

**सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली**

प्रदेश सभा

## सामाजिक विकास समिति

# वार्षिक प्रतिवेदन, २०८१

**(सम्वत् २०८० साल जेठदेखि सम्वत् २०८१ साल चैत्र मसान्तसम्मको)**

**सामाजिक विकास समितिको सचिवालय**

**सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली**

**इमेलः sdc.sudurpashchim@gmail.com**

**वेभसाईटः assembly.sudurpashchim.gov.np**

# समितिका पदाधिकारीहरु



मा. धर्मराज पाठक
सभापति



मा. ओमविक्रम भाट
सदस्य



मा. कैलाश चौधरी
सदस्य



मा.खुशिराम डगौरा थारु
सदस्य



मा. जानकी देवी कुँवर
सदस्य



मा.झपट बहादुर साउँद
सदस्य



मा.तुल्सी देवकोटा
सदस्य



मा.माया पन्त
सदस्य



मा. पदम बहादुर शाही
सदस्य



मा. शिवराज भट्ट
सदस्य

# समिति सचिवालयका कर्मचारीहरु



श्री युबराज जैशी
समिति सचिव



श्री चेतन भाट
क्यामराम्यान



श्री सुर्य प्रकाश सिंह
सहायक चौथो



श्री विक्रम कुँवर
कार्यालय सहयोगी

# मन्तव्य

**माननीय सभामुख महोदय,**

प्रदेश सभाको दोस्रो कार्यकालको शुरुआत देखि सम्वत २०८१ साल चैत्र मसान्तसम्ममा सामाजिक विकास समितिले सम्पादन गरेका कार्यहरुको विवरण समावेश गरिएको वार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्ने सिलसिलामा म यहाँ उपस्थित भएको छु ।

**माननीय सभामुख महोदय,**

प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भएगरेका कामकारवाहीको अनुगमन र मुल्याङ्कन गरी आवश्यक निर्देशन र राय सल्लाह दिन समेतका लागि संविधानको धारा १९३ को व्यवस्था अनुरुप सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५२ बमोजिम प्रदेश सभा अन्तर्गत गठन भएका विभिन्न ४ वटा विषयतगत समितिहरुमध्ये सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो ।

यस समितिको कार्यक्षेत्र अन्तर्गत सामाजिक विकास मन्त्रालय, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय, मानवअधिकार र सम्वद्ध विषय तथा निकाय रहेका छन । समितिले नेपालको संविधान, सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८०, सामाजिक विकास समितिको कार्यविधि २०८१ र संसदीय मूल्य मान्यता, संसदीय अभ्यास र परम्परा अनुरुप आफ्नो भुमिका तथा जिम्मेवारीहरु वहन गर्दै आइरहेको छ ।

**माननीय सभामुख महोदय,**

प्रदेश सभाले सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाएको विधेयकको समिक्षा गर्ने र सहमति भए अनुसार विधेयकहरुमा संशोधनको सिफारिस गर्ने, सामाजिक विकास समितिको कार्यक्षेत्र अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन, विश्लेषण एवं मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने, कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुको काम कारवाहीको निगरानी गर्ने र आवश्यक सुझाव दिने कार्य यस समितिले गर्दै आएको छ । समितिले बजेट कार्यान्वयनको अवस्था, लक्ष्य अनुरुप पूँजिगत खर्च गर्न गरिएका प्रयास लगायतका विषयमा सामाजिक विकास मन्त्रालय र भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग पटक पटक छलफल गरी आवश्यक निर्देशन दिएको थियो ।

प्रचलित नियम अनुसार काम कारवाही भए नभएको, सरकारी आश्वासन तथा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी समितिलाई तोकिएको जिम्मेवारी पूरा गर्ने सिलसिलामा समितिले सामाजिक विकास मन्त्रालय र भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको योजना, कार्यक्रम तथा प्रगति विवरण वारे जानकारी लिने जस्ता महत्वपूर्ण कार्यमा आफ्नो ध्यान दिएको छ । वित्तीय तथा भौतिक प्रगति सन्तोषजनक नहुनाका कारण र चुनौतिको पनि पहिचान गरी निराकरणको उपाय सम्वन्धमा सुझावहरु दिने कार्यलाई महत्व दिइएको छ ।

प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र राय सुझाव सहितको प्रतिवेदन सभामा पेश गर्नु समितिको दायित्व हो । सामाजिक विकास समिति आगामी दिनहरुमा अझ सक्रिय हुने कुरामा समेत दृढ विश्वास राख्दछौं । यो प्रतिवेदनको कार्यान्वयनले प्रदेश सरकारको कार्य सम्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समितिका सवै माननीय सदस्यहरुको उच्च प्रसंशा गर्दछु । प्रतिवेदन तयारी लगायत कार्यमा खटिनु हुने समिति सचिव तथा अन्य कर्मचारीहरुको लगनशिलताको प्रशंसा गर्न चाहन्छु । यस अवधिमा प्रदेश सभाका माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यूबाट आएका राय सुझाव एवं प्राप्त निर्देशनको लागि आभार प्रकट गर्दछु । यस समितिको आमन्त्रण बमोजिम समितिमा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु

उपलब्ध गराई सहयोग गर्नु हुने समितिको कार्यक्षेत्र अन्तर्गतका प्रदेश सरकारका माननीय मन्त्री, प्रदेश सरकारका मन्त्रालयका सचिव, प्रदेश सभाका सचिव र समितिको काम कारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**माननीय सभामुख महोदय,**
माननीय सभामुखज्युको अनुमतिले सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन, २०८१ यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

धन्यवाद ।

धर्मराज पाठक
सभापति
सामाजिक विकास समिति

# विषयसूची

## Table of Contents

परिच्छेद-१ ........ 1
परिचय ........ 1
१. पृष्ठभूमि ........ 1
२. समितिको कार्यक्षेत्र ........ 1
३. समितिको काम, कर्तव्य र अधिकार ........ 2
४. समितिको गठन ........ 3
५. समितिको बैठक ........ 3
६. गणपुरक संख्या ........ 4
७. समितिको सचिवालय ........ 4
८. समिति संचालन सम्बन्धी थप विवरण ........ 4
परिच्छेद – २ ........ 5
सामाजिक विकास समितिबाट सम्पादित काम कारवाही तथा गतिविधिहरु ........ 5
१. कार्यक्षेत्र अन्तर्गतका निकायहरुमा भैरहेका गतिविधिहरु ........ 5
२. विवरण माग ........ 5
३. विधेयकमा दफावार छलफल ........ 6
४. निर्देशन ........ 6
५. समितिमा भएका अन्य छलफलहरु ........ 9
परिच्छेद – ३ ........ 1
उपलब्धिहरु ........ 1
परिच्छेद – ४ ........ 2
समस्याहरु ........ 2
परिच्छेद – ५ ........ 3
सुझावहरु ........ 3
परिच्छेद-६ ........ 4
निष्कर्ष ........ 4

# परिच्छेद-१
## परिचय

### १. पृष्ठभूमि

प्रदेश सभाको काम कारबाहीलाई चुस्त बनाउन र यसको प्रभावकारिता वृद्धि गर्ने उद्देश्यका साथ प्रदेश सभा भित्रैबाट प्रदेश सभाको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन्, जसलाई Mini Parliament को रुपमा समेत परिभाषित गरिएको छ । प्रदेश सभाले सम्पन्न गर्नु पर्ने महत्वपूर्ण, गहन र जटिल कार्यहरु प्रदेश सभाको कार्यसम्पादनलाई व्यवस्थित र भरपर्दो बनाउन विषयगत कार्यविभाजन गरी संसदीय समितिहरु गठन गरिएका हुन्छन् । सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५१ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान रहेको छ । नियम १५२ अनुसार सुदूरपश्चिम प्रदेश सभामा चारवटा बिषयगत समिति गठन भएका छन् । प्रदेश सभाको भूमिकामा वस्तुपरक, यथार्थपरक र निर्णायक बनाई जीवन्त राख्न तथा प्रदेश सभाको कार्यबोझलाई विधेयक बनाउने भूमिकामा प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने जिम्मेवारी वहन गर्न र संसदीय निगरानी गर्न यस्ता संसदीय समितिहरु गठन भएका हुन । सुदूरपश्चिम प्रदेश सभामा गठन भएका चारवटा बिषयगत समिति मध्ये सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो ।

प्रदेश सभामा प्रवेश गरेको कुनै पनि विषयमाथि समितिहरुमा व्यापक र गहन छलफल हुने, दलीय निर्देशन लागू नहुने, विषय विज्ञहरुको उपस्थितिमा छलफल तथा बहस भइ निर्णयमा पुग्न सकिने हुँदा यस्ता समितिहरुको भूमिकाले प्रदेश सभालाई बढी जिम्मेवार र उत्तरदायी बनाउँछ । यस्ता समितिहरु जनतासँग निकट सम्बन्ध राख्ने निकायको रुपमा स्वीकारिएको हुँदा प्रदेशको वास्तविक अवस्था, जनताका सरोकारका विषयहरु, माग र आवश्यकता, विकास निर्माण तथा प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष जानकारी रहेको हुन्छ । प्रदेशको आर्थिक तथा सामाजिक विकास गरी दिगो विकासको लक्ष्य हासिल गर्न र जनताका आधारभूत आवश्यकताहरु पूरा गर्दै प्रदेशको कुन कुन भूगोलमा के कस्ता विकास निर्माणका कार्यहरु संचालन गर्नु आवश्यक छ, संघीय सरकारबाट संचालन भएका प्रदेश भित्रका महत्वपूर्ण योजनाहरुको यथार्थ अवस्था र प्रगति र त्यसले पार्ने सकारात्मक प्रभावको अवस्था र प्रदेश सरकारबाट ती योजनाहरु सफल पार्न खेल्नुपर्ने भूमिकाको बारेमा समेत गहन अध्ययन र छलफल गरी सहजीकरणको वातावरण बनाउँन सकिन्छ । यस्ता समितिहरुमा विविधता बोकेका जनप्रतिनिधिहरुको प्रतिनिधित्व हुने हुँदा यसरी हुने छलफल र विचार विमर्श बाट प्राप्त निश्कर्षले प्रदेशको समानुपातिक तथा सन्तुलित विकासमा महन्वपूर्ण योगदान पुग्ने छ । साथ साथै प्रदेश सरकारबाट सञ्चालन भएका आयोजनाहरुको अवस्था कस्तो छ? भन्ने बारेमा नियमित अध्ययन र अनुगमन हुने हुँदा विकास निर्माणका कार्यहरु र पूंजीगत खर्चको प्रभावकारितामा महत्वपूर्ण योगदान पुग्नेछ । यस्ता समितिहरुले कार्यपालिकाबाट सम्पादित हुने सबै कार्यहरुको नियमित अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा गर्ने, छानविन, अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, प्रदेश सरकारले आफ्नो दायित्व पूरा गरेको छ, छैन हेर्ने, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको बीच सामञ्जस्यता छ कि छैन, यसको कार्यान्वयन पक्ष के छ ? कानून निर्माणको क्रममा प्रदेश सभालाई बढीभन्दा बढी प्रभावकारी कसरी बनाउने भन्ने जस्ता महत्वपूर्ण विषयमा गहन विचार विमर्श गरी निश्कर्षमा पुग्न सकिन्छ । यिनै बिषयमा केन्द्रित रहेर सामजिक विकास समिति क्रियाशिल रहेको छ ।

### २. समितिको कार्यक्षेत्र

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८०को नियम १५२ मा उल्लेख भएका विषयगत सिमितिहरु मध्ये सामाजिक विकास समितिको कार्यक्षेत्र निम्नानुसार रहेका छनः-

सामाजिक विकास मन्त्रालय, भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय, मानवअधिकार र सम्वद्ध विषय तथा निकाय।

**३. समितिको काम, कर्तव्य र अधिकार**

सामाजिक विकास समितिको कामका सम्बन्धमा सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८०को नियम १५८ मा निम्नानुसार उल्लेख गरिएको छः

- समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन बैठकमा पेस गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति मितव्ययीता गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो रायसहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने,
- मन्त्रीले प्रदेश सरकारको तर्फबाट बैठकमा समय(समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारबाट के कस्ता कार्य गरिएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेस गर्ने,
- कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेस गर्ने,
- सभाबाट प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानुन बमोजिम बनेको छ वा छैन र प्रदेश सरकारबाट प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- प्रदेश सरकारबाट समय(समयमा गठन हुने छानबिन आयोग वा समिति र जाँचबुझ आयोग वा समितिबाट प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाइ गर्ने,
- सम्बद्ध मन्त्रालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- कानुन कार्यान्वयनको मापन सम्बन्धी कार्य गर्ने,
- कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका कामकारवाहीको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन दिने, वार्षिक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,
- समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कन र समीक्षा गरी सोको प्रतिवेदन सभामा पेस गर्ने,
- समितिको निर्देशन पालना नगर्ने मन्त्रालयले सम्बन्धित समिति वा सभा बैठकमा जवाफ दिनुपर्ने,
- बैठकले सुम्पेको अन्य काम गर्ने।

## ४. समितिको गठन

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेशसभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५२ बमोजिम सामाजिक विकास समितिको गठन भएको छ। सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा अन्तर्गत गठन हुने समितिमा बढीमा ११ जना सदस्य मनोनयन गर्ने व्यवस्था छ। त्यस्तै सोही नियमको उपनियम (२) मा समितिमा सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस-आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनुपर्ने व्यवस्था छ भने उपनियम (३) मा कुनै सदस्य एकैसाथ एकभन्दा बढी विषयगत समितिको सदस्य हुन नसक्ने प्रावधान रहेको छ। उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य आवश्यकता अनुसार आफु सदस्य नभएको समितिको बैठकमा सहभागी भई छलफलमा भाग लिन चाहेमा बैठक बस्ने दिन भन्दा कम्तीमा एकदिन अगाडी नै सम्बन्धित समितिको सभापतिलाई जानकारी दिई उपस्थित हुन सक्नेछ। तर निजलाई त्यस्तो समितिमा मतदानको अधिकार हुने छैन भन्ने व्यवस्था नियम १५० को उपनियम (४) मा गरिएको छ। वि.सं. २०८० साल जेठ ६ गते गठन भएको यो समिति ४ पटकसम्म पुनर्गठन भइसकेको छ। विभिन्न समयमा समितिका सदस्यज्यूहरु प्रदेश मन्त्रीपरिषद्मा सहभागी हुने क्रमसँगै समितिका सदस्यहरु हेरफेर हुने गरेको छ।

**सामाजिक विकास समितिमा रहनु भएका माननीय सदस्यहरुको विवरणः-**

| क्र.स. | पदाधिकारीको नाम, थर | जिल्ला | राजनीतिक दल/पार्टी |
|---|---|---|---|
| १ | मा. धर्म राज पाठक | कैलाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २ | मा.ओम विक्रम भाट | कञ्चनपुर | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ३ | मा. कैलाश चौधरी | कैलाली | नागरिक उन्मुक्ति पार्टी |
| ४ | मा.खुशी राम डगौरा थारु | कैलाली | नागरिक उन्मुक्ति पार्टी |
| ५ | मा.जानकी देवी कुँवर | कैलाली | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ६ | मा.झपट बहादुर साउद | अछाम | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ७ | मा.तुलसी देवकोटा | कैलाली | नेपाली काँग्रेस |
| ८ | मा. पदम बहादुर शाही | बाजुरा | नेपाली काँग्रेस |
| ९ | मा.श्रीमती माया पन्त | कञ्चनपुर | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) |
| १० | मा.शिव राज भट्ट | बैतडी | नेपाली काँग्रेस |

## ५. समितिको बैठक

समितिको बैठक सभापतिले आवश्यकता अनुसार बोलाउने व्यवस्था रहेको छ। समितिका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले लिखितरुपमा विषयवस्तु उल्लेख गरी सो विषयमा छलफल गर्न बैठक बस्नुपर्ने माग गरेमा सभापतिले विषयवस्तुको गाम्भिर्यतालाई हेरी पाँच दिन भित्र बैठक बस्ने गरी मिति र समय तोकिने र समिति अन्तर्गत गठन हुने उप-समितिले बैठकको लागि अनुरोध गरेमा सभापतिले यथासक्य चाँडो बैठक बोलाउनु पर्ने व्यवस्था रहेको छ। वि.सं. २०८० जेट १७ गते पहिलो बैठक बसेको यस समितिले प्रतिवेदन अवधीसम्म जम्मा ५८ वटा बैठक सम्पन्न गरेको छ। यी बैठकहरु कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुको कार्यसम्पादनका सम्बन्धमा तथा विधायिकी कार्य एवं समिति समक्ष पेश भएका नागरिकका गुनासाहरुका विषयमा केन्द्रित रहेका छन।

## ६. गणपुरक संख्या

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १६२ को उपनियम (१) बमोजिमसमितिको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । सोही नियमको उपनियम (२) मा समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सो सङ्ख्या नपुगेसम्म समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्ने व्यवस्था उल्लेख छ ।

त्यस्तै उपनियम (३) मा समितिको बैठकमा समेत गणपूरक सङ्ख्या नपुगेमा कम्तीमा एक तिहाई सदस्यको उपस्थितिमा बैठक बस्न सक्नेछ र सोको जानकारी सभापतिले सभामुखलाई दिनु पर्ने व्यवस्था रहेको छ ।

## ७. समितिको सचिवालय

प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहन्छ । प्रदेश सभा सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भै काम गर्न तोक्न सक्ने व्यवस्था रहेको छ । सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ । सचिव वा समिति सचिवले सभापतिको अनुमति लिई बैठकको विचाराधिन विषयमा आफ्नो राय दिन सक्ने व्यवस्था रहेको छ ।

**समिति सचिवालयमा कार्यरत कर्मचारीहरुः-**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | युबराज जैशी | समिति सचिव |
| २ | चेतन भाट | क्यामराम्यान |
| ३ | सुर्यप्रकाश सिंह | सहायक |
| ४ | विक्रम कुँवर | कार्यालय सहयोगी |

## ८. समिति संचालन सम्बन्धी थप विवरण

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० मा समिति सञ्चालन आवश्यक व्यवस्थाहरु राखिएको छ । जसअन्तर्गत समितिको लगातार पाँचपटक वैठकमा सभापतिको अनुमति विना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्ने र सो कुराको जानकारी सभालाई गराउने व्यवस्था रहेको छ । समितिको वैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिने र समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित गर्ने प्रावधान रहेको छ । छलफलको निमित्त समयावधी तोकिएको वा नतोकिएको जनसुकै अवस्थामा पनि समितिमा भएको छलफल अनावश्यक किसिमले लम्बिएको भन्ने लागेमा सभापतिले सो छलफल छोट्याउन सक्ने ब्यवस्था उल्लेख छ । समितिले आफ्नो कार्य सम्पादनका क्रममा उपसमिति गठन गर्नुपर्ने महशुस गरेमा आफ्नो कार्यक्षेत्रको परिधि भित्र रही उपसमिति गठन गर्न सक्ने र त्यस्तो उपसमिति गठन गर्दा उपसमितिले सम्पादन गर्नुपर्ने कार्य, कार्य सम्पन्न गरिसक्नु पर्ने समयावधि समेत निर्धारण गरी सदस्यहरुको नाम सहित बैठक समक्ष प्रस्ताव गर्ने व्यवस्था रहेको छ ।

# परिच्छेद – २

## सामाजिक विकास समितिबाट सम्पादित काम कारवाही तथा गतिविधिहरु

Mini parliament को रुपमा क्रियाशिल रहने यस समितिले आफ्ना कार्यक्षेत्र भित्रका विषयहरुमा प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी बनाउने कार्य गर्दै आएको छ। यसका साथै समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने निकायहरुले गरेका काम कारवाहीको निरन्तर निगरानी गरी देखिएका समस्या र ती समस्याको निराकरणलाई सुझाव दिने र त्यसको कार्यान्वयनका सम्बन्धमा निरन्तर छलफल तथा अन्तरक्रिया गरिरहेको छ। प्रदेश सभाले यस समितिमा दफावार छलफलको लागि पठाएका विधेयकमा दफावार छलफल गर्ने र प्रतिवेदन पेश गर्ने गरिएको छ। समितिबाट गरिएको संसदीय अनुगमन, निगरानी र अन्य कार्यक्रमहरुको विवरणहरु अनुसुचिमा समावेश गरिएको छ।

१. **कार्यक्षेत्र अन्तर्गतका निकायहरुमा भएगरेका गतिविधिहरु**

सामाजिक विकास समितिको गठन पश्चात समिति अन्तरगत पर्ने सामाजिक विकास मन्त्रालय, भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय, मानवअधिकार र सम्वद्ध विषय तथा निकायका काम कारवाहीका सम्बन्धमा सम्बन्धित निकायका पदाधिकारी एवं कर्मचारीहरु बिचमा छलफल गर्ने विवरणहरु माग गर्ने र आवश्कताको आधारमा सम्बन्धित निकायलाई निर्देशन दिने गरिएको छ।

२. **विवरण माग**

समितिमा विभिन्न मितिमा भएका बैठकहरुमा उठेका जनसरोकारका विषयहरुमा सम्बन्धित निकायसंग पत्राचार एवं मौखिक, टेलिफोन आदिबाट विवरणहरु माग गरिएको थियो। यस किसिमका विवरणहरुलाई यहाँ संक्षिप्तरुपमा उल्लेख गरिएको छ।

- यस समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयबाट चालु आर्थिक वर्षमा संचालित कार्यक्रम कार्यान्वयनको अवस्था प्रष्ट पार्ने गरी हालसम्मको प्रगति विवरण र आर्थिक वर्ष २०८०।०८१ को बजेटमा के कस्ता नीति तथा कार्यक्रम समावेश गर्न प्रस्ताव गरिएका योजना सहितको विवरण माग गरिएको थियो। सामाजिक विकास समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय अन्तरगतका निकायहरुबाट सुदूरपश्चिम प्रदेशका कैलाली, कंञ्चनपुर, डोटी, डडेल्धुरा र बैतडी जिल्लामा आर्थिक वर्ष २०७९।०८० सालमा सम्पन्न भएका वा संचालनको अवस्थामा रहेका केही मुख्य योजनाहरुको आर्थिक र भौतिक प्रगति विवरण तिन दिन भित्र प्राप्त हुने गरि माग गरिएको थियो।
- प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 का आवश्यक सम्पुर्ण कागजातहरु मिति २०८०।०६।१७ गते विहान ११:०० बजे भित्र सामाजिक विकास समितिमा प्राप्त हुने गरी उपलब्ध गराउन निर्देशन गरिएको थियो।
- विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकाय तथा विकास साझेदारहरुले सुदूरपश्चिम प्रदेशभर सञ्चालन गर्दै आएका यस समितिको कार्यक्षेत्रभित्रका मन्त्रालयसँग सम्बन्धित कार्यक्रम र सोसँग सम्बन्धित कार्यक्षेत्रको विस्तृत विवरण माग गरिएको थियो।
- भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट देहायबमोजिमको विवरण तत्काल माग गर्ने निर्णय गरिएको थियो -,

  क) सुदूरपश्चिम प्रदेशभित्र हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शितभण्डार (Cold Store) हरुको विस्तृत विवरण।

  ख) मन्त्रालय तथा अन्तर्गतबाट गत आ.व. मा वितरण भएका अनुदानको विस्तृत विवरण।

३. **विधेयकमा दफावार छलफल**

सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकउपर दफावार छलफल गरिएको थियो।

४. **निर्देशन**

सरकारको स्वेच्छाचारितालाई अंकुश लगाउन र प्रदेश सभा प्रति जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको सुक्ष्मरुपमा अनुगमन एवं मूल्यांकनका कामहरु भएका छन्। समितिको बैठकबाट विभिन्न समयमा देहाय बमोजिम निर्देशन दिइएको थियोः

- सामाजिक विकास समितिको बैठकमा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री झपट साउदको उपस्थितिमा सेती प्रादेशिक अस्पतालका अध्यक्ष, प्रमुख मेडिकल सुपिरटेण्डेण्ट र समितिका पदाधिकारीहरुको बीचमा सेती प्रादेशिक अस्पतालबाट प्रदान गरिने सेवा सुविधा, शुल्क, भौतिक साधन र मानव जनशक्ति लगायतका विविध विषयमा प्राप्त जनगुनासाहरु माथि छलफल गरी सेती प्रादेशिक अस्पतालबाट प्रदान गरिने सेवा र लिने शुल्क अन्तर्गत ओपिडि, राजश्व, टिकट काउण्टर, एक्सरे, भिडियो एक्सरे, सिटिस्क्यान, ल्याव, सरसफाई आदि व्यवस्थापन सम्बन्धी कार्य यथाशिघ्र बढाई तीन महिनाभित्र नै केही परिवर्तन देखिने गरी कार्यान्वयनमा लैजान र मन्त्रालयबाट अस्पतालको स्तरोन्नति, भौतिक पुर्वाधार, दरवन्दी स्विकृती, जनशक्ति व्यवस्थापन, निर्मित भवनको कार्यसम्पन्न गराई हस्तान्तरण प्रक्रिया लगायतका कार्यहरु सम्पन्न गराउने।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले हाललाई टेण्डर प्रक्रियाका सम्बन्धमा बुझ्नका लागि केही समय उक्त खरिद प्रक्रिया स्थगित गर्ने।
- मिति २०८०।०६।१८ गते महाकाली प्रादेशिक अस्पताल, मिति २०८०।०६।१९ गते सेती प्रादेशिक अस्पताल धनगढी र मिति २०८०।०६।२१ गते टिकापुर अस्पताल सामाजिक विकास समितिबाट अनुगमन गर्न आवश्यक प्रक्रिया मिलाउने।
- मिति २०८०।०६।१४ गते बसेको समितिको बैठकबाट प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले हाललाई टेण्डर प्रक्रियाका सम्बन्धमा बुझ्नका लागि केही समय उक्त खरिद प्रक्रिया स्थगित गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय भएकोमा उक्त टेण्डर प्रक्रिया स्थगित नगरी १० दिन समयावधि थप गर्ने।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढी, कैलालीबाट स्वास्थ्य संस्थाहरुका लागि प्रयोगशाला उपकरण खरिद सम्बन्धीको IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081, IPF NO: PHLMCSP/G/NCB-2.2/2080-2081 र IPF NO: PHLMCSP/G/NCB-2.3/2080-2081 का तीन वटै प्याकेजहरु प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीको मिति २०८०।०६।२१ गतेको निर्णयानुसार रद्द गरिएको व्यहोराको पत्र प्राप्त हुन आएको हुँदा रद्द गर्नुपर्ने बुँदाहरु माथि समितिमा छलफल भई तपशिलका बुँदाहरु माथि प्रष्ट खुलाई समितिको मिति २०८०।०६।२९ गते दिउसो १:०० बजे बस्ने बैठकमा प्रदेश

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीका प्रमुख सहित उपस्थित गराउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिइएको ।

**<u>तपसिल</u>**

- मिति २०८०।०६।१७ को च.नं.३२ को पत्रानुसार यस केन्द्रको खरिद क्रियाकलापको कार्यान्वयन निर्देशिका (PIM) र खरिदको गुरुयोजना (MPP) स्वीकृतिका लागि सामाजिक विकास मन्त्रालय पठाइएकोमा हालसम्म उक्त कागजातहरु स्वीकृत भई प्राप्त नभएको हुँदा हुँदै के कति कारणले बोलपत्र आह्वान गरिएको हो ?
- उल्लेखित बोलपत्र उपर विभिन्न सार्वजनिक निकायमा उजुरी परेको तथा सो विषयमा केहि पत्रपत्रिकाले सामाचार समेत सम्प्रेषण गरेकोले बोलपत्रका ३ वटै प्याकेज अन्तर्गत खरिदका लागि छनौट गरिएका औजार उपकरणहरुको मातहतका निकायबाट यस केन्द्रमा मौखिक (फोन मार्फत) माग गरेको भएतापनि बोलपत्रमा उल्लेखित संख्याका लागि माग संकलन र प्राप्त भै नसकेको । साथै सामग्री खरिद भई प्राप्त भए पश्चात सामग्रीको प्रकृति र संवेदनशीलता अनुसार सामाग्री धैरै भएकोले यस केन्द्रको भण्डार कक्षमा प्रयाप्त नभएकोले लामो समय भण्डार गरि राख्नु पर्दा भण्डारणमा समस्या भै सामाग्रीको भौतिक क्षति हुन सक्ने अवस्था सृजना भएको सम्बन्धमा मातहतका निकायहरुबाट लिखित रुपमा माग संकलन नगरी र भण्डारणको व्यवस्था प्रयाप्त नहुदा नहुदै के कति कारणले बोलपत्र आह्वान किन गरिएको हो ?
- प्रि-विड मिटीङ पश्चात मिति २०८०/०६/१४ मा उजुरी परेको देखिएको, प्रदेश सभा, सामाजिक विकास समितिबाट तालुक मन्त्रालय मार्फत बोलपत्र स्थगित गर्न निर्देशन प्राप्त भएको र मिति २०८०।०६।१७ गते बसेको सामाजिक विकास समितिको बैठकको निर्णयानुसार बोलपत्र स्थगित नगरि १० दिनका लागि म्याद थप गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिइएकोमा मन्त्रालयबाट मिति २०८०।०६।१७ गतेको पत्रबाट निर्देशन दिइएकोमा उक्त बोलपत्र के कति कारणले रद्द गरिएको हो ?
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार खरिद योजना तयार गर्नुपर्नेमा खरिद योजना तयार नगरी बोलपत्र आह्वान किन गरिएको ?
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को उपनियम (१) बमोजिम सार्वजनिक निकायले १ वर्ष भन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा के कति कारणले खरिद गुरुयोजना तयार नगरिएको हो ?
- लागत अनुमान तयारी र प्याकेज प्रतिस्पर्धा हुने गरि के कति कारणले नभएको हो ?
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम खरिद कारवाहीको तयारी गर्नुपर्नेमा सो अनुसार के कति कारणले तयारी नगरिएको हो ?

➢ प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2080 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले सामाजिक विकास समितिको मिति २०८०।०६।१४ गते बसेको बैठकको निर्णयानुसार उजुरी सम्बन्धी कागजातहरु अध्ययनका लागि विषय विज्ञ गेटा मेडिकल कलेजका बायोमेडिकल इन्जिनियर श्री हरेन्द्र चटौतलाई

समितको मिति २०८०।०६।१७ गतेको बैठकमा बोलाउने निर्णय भएकोमा उक्त बैठकमा उपस्थित भइ उजुरी सम्बन्धी कागजातहरु अध्ययन गर्न दिदा कागजातहरु धेरै भएकोले निर्णय दिन नसकिने भनी जानकारी दिनु भएकोले निजलाई कागजातहरु अध्ययन गरी प्रतिबेदन ५ दिन भित्र समिति समक्ष पेश गर्ने गरी विज्ञले सेवा दिए बापत पाउने सेवा सुविधाको लागि आर्थिक व्यवस्थापन गर्न ।

- मिति २०८०।०६।२४ गते बोलपत्र आह्वान प्रक्रिया सम्बन्धमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढी, कैलालीलाई सोधिएका प्रश्नहरुको जवाफ सहित मिति २०८०।०६।३० गते बसेको यस समितिको बैठकमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीका नि.निर्देशक स्वंय उपस्थित भई दिएको जवाफ चित्त बुझ्दो नभएको र निजले बोलपत्र आह्वान सम्बन्धमा प्रक्रिया कमीकमजोरी भएको स्वीकार गरेको, विज्ञले समितिमा पेश गरेको प्रतिबेदनमा उल्लेखित खरिद प्रक्रिया पुऱ्याइएको नदेखिएको र बोलपत्र आह्वान पक्रिया समेत आपूर्ति केन्द्रबाट रद्द गरिएको हुँदा अब उप्रान्त यस्ता किसिमका क्रियाकलाप नगर्न/नगराउन र खरिद सम्बन्धी कामकारवाही गर्दा प्रचलित ऐन, कानून बमोजिमको रित पुऱ्याइ गर्न गराउन ।
- प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशालाका उपकरण खरिद सम्बन्धी Looking tender specification सम्बन्धमा यस समितिमा परेको निवेदनका सम्बन्धमा छलफल हुँदा सो सम्बन्धी समितिमा विषय विशेषज्ञ नभएकोले सम्बन्धित मन्त्रालयलाई पत्राचार गरी सोहि टेण्डरका विषयमा विषय विशेषज्ञ राखि सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ अनुसार काम कारवाही भएको छ/छैन, ई-विडिङ्ग सम्बन्धीका सम्पुर्ण प्रक्रिया पुरा भएको छ/छैन, तथा प्रमाण ऐन, २०३१ बमोजिम आवश्यक कागजात एवं रीत पुगेको छ/छैन छानविन गरी यस समितिलाई समेत शिघ्र जानकारी हुने गरी कार्वाही अगाडी बढाउने ।
- मिति२०८०।१०।०८ गते कृषि अनुदान वितरणमा अनियमितता भयो भनी परेको निबेदनका सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रमा वितरण गर्ने अनुदान प्रक्रियामा अनियमितता भएको निबेदन सामाजिक विकास समितिमा परेको र सोका आधारमा सामाजिक विकास समितिले बैठकमा सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूलाई बोलाई अनुदान प्रक्रियालाई विधिसम्मत र पारदर्शी बनाउन समितिको तर्फबाट निर्देशन दिने कार्य गरियो । साथै यस अघि स्थगित गर्न भनिएका कृषि क्षेत्रमा वितरण गरिने अनुदान प्रक्रियामा अनियमितता नहुने गरी आवश्यक मापदण्ड पुग्ने, विधि सम्मत र पारदर्शी तरिकाबाट वास्तविक लक्षित वर्गसँग पुग्ने गरी अनुदान वितरणको प्रक्रियालाई अगाडी बढाउन प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन गर्ने ।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट स्वास्थ्य सामाग्री खरिद सम्बन्धमा पटकपटक विवाद भएको र IFB No:PHLMCSP/G/NCB-04, Procurement Supply, Delivery & Installation of integrated Hospital waste Management system को Tender Specification खरिद प्रक्रिया माथि यस समितिमा छानवीन भैरहेकोले छानवीन प्रक्रिया सम्पन्न नभएसम्मका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख श्री निरज अर्याललाई जिम्मेवारीबाट मुक्त गरी सो को जानकारी यस समितिलाई दिन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने ।

- आज मिति २०८१।०२।०७ गते बसेको यस समितिको बैठकमा आ.व. २०८०/०८१ को योजना र खर्चको अवस्था, आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा विषयगत क्षेत्रको योजना निर्माण एवं नीति तथा कार्यक्रममा समितिका माननीय सदस्यज्यूहरुले राखेका विषयलाई समेत अनिवार्य रुपमा समावेश गर्न, गराउन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।
- आर्थिक वर्ष२०८०/०८१को योजना र खर्चको अवस्था, आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री एवं सचिव, सामाजिक विकास मन्त्रालयका सचिव र नीति तथा योजना आयोगका उपाध्यक्ष सहितका पदाधिकारीज्यूसँग गरिएको टलफलबाट प्राप्त निष्कर्षका सम्बन्धमा माननीय मुख्यमन्त्री एवं सामाजिक विकास मन्त्रीज्यूसँग छलफल गरियो । आगामी आ.व.को बजेट, सरकारको नीति तथा कार्यक्रम निर्माणमा प्रदेश सभाका माननीय सदस्यज्यूहरुको अनिवार्य सहभागित सुनिश्चित गर्न निर्देशन दिने ।
- २०८१।०२।१७ गते बसेको यस समितिको बैठकले तपसिल बमोजिमका विषयहरु सुदूरपश्चिम प्रदेश सरकारको आ.व.२०८१/०८२को नीति तथा कार्यक्रम मासमावेश गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।
  - द्वारिका देवी ठकुरानी महिला उत्थान कार्यक्रम अन्तरगत विशेष कार्यक्रम ल्याउनुपर्ने।
  - महिला विशेषज्ञ सेवाको व्यवस्था गर्न महिलाहरुलाइ सुदूरपश्चिम प्रदेश सरकारबाट छात्रवृत्तिमा MBBS अध्ययन गर्न महिलाहरुलाइ विशेष प्राथमिकता दिनुपर्ने साथै सरल कार्यविधि र मापदण्ड बनाइ लागु गर्नुपर्ने ।
  - सेफहाउस र अनाथालयमा हुने गरेका घटना न्यूनीकरण गर्न प्रदेशभर रहेका सेफहाउस र अनाथालयको लगत संकलन गरी सरकारबाट नियमन र व्यवस्थापन गरिनुपर्ने ।
  - घरपरिवार र समुदायमा अपहेलित भएका महिलाहरुका लागि अनिवार्य रुपमा गाँस, बास र कपासको उपलब्धता हुनेगरी कार्यक्रम ल्याउनुपर्ने ।
- विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकाय तथा विकास साझेदारहरुले सुदूरपश्चिम प्रदेशभर सञ्चालन गर्दै आएका यस समितिको कार्यक्षेत्रभित्रका मन्त्रालयसँग सम्बन्धित कार्यक्रम र सोसँग सम्बन्धित कार्यक्षेत्रको विस्तृत विवरण समितिमा तत्काल उपलब्ध गराउन निर्देशन दिने ।

## ५. समितिमा भएका अन्य छलफलहरु

यस समितिमा विभिन्न मितिमा धैरै विषयमा छलफल भएका छन्।बुँदागतरुपमा यहाँ छलफल भएका विषयहरु राखिएको छ :

- सरकारको नीति तथा कार्यक्रम, बार्षिक बजेट सम्बन्धी,
- कार्यक्षेत्र भित्रका मन्त्रालयहरुको विनियोजित बजेट तथा कार्यक्रम र त्यसको प्रभावकारी कार्यान्वयन सम्बन्धी,
- लिखित तथा मौखिक रुपमा समितिमा प्राप्त जनगुनासो सम्बन्धी ।

## समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थिति विवरण

| सि.नं. | नाम, थर | समितिको जम्मा बैठक संख्या | उपस्थित बैठक संख्या | समितिमा रहनुभएको अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | मा. धर्मराज पाठक | ५८ | ५० | मिति २०८०।०२।०६ देखि हालसम्म | |
| २ | मा. ओम विक्रम भाट | ५८ | १६ | मिति २०८०।०२।०६ देखि हालसम्म | बिचमा केही समय मन्त्री भएका |
| ३ | मा. कैलाश चौधरी | ५८ | ९ | मिति २०८०।०२।०६ देखि मिति २०८०।०३।०४ सम्म र मिति २०८१।०९।११ देखि हालसम्म | |
| ४ | मा. खुशीराम डगौरा थारु | ५८ | १२ | मिति २०८१।०२।२२ देखि हालसम्म | बिचमा केही समय मन्त्री भएका |
| ५ | मा. जानकी देवी कुँवर | ५८ | ४९ | मिति २०८०।०२।०६ देखि हालसम्म | |
| ६ | मा. झपट साउँद | ५८ | ० | मिति २०८१।०५।१४ देखि हालसम्म | |
| ७ | मा. तुलसी देवकोटा | ५८ | ५२ | मिति २०८०।०२।०६ देखि हालसम्म | |
| ८ | मा. निर्मला देवी साउँद | ५८ | २० | मिति २०८०।०२।०६ देखि मिति २०८१।०५।०५ सम्म | मन्त्री भएका |
| ९ | मा. पदम बहादुर शाही | ५८ | २ | मिति २०८१।०९।११ देखि हालसम्म | |
| १० | मा. प्रकाश बहादुर बम | ५८ | ३४ | मिति २०८०।०२।०६ देखि मिति २०८१।०५।०५ सम्म | मन्त्री भएका |
| ११ | मा. शिवराज भट्ट | ५८ | २६ | मिति २०८०।०२।०६ देखि मिति २०८०।०३।०४ सम्म र मिति २०८१।०२।२२ देखि हालसम्म | |
| १२ | मा. सरस्वती खड्का | ५८ | ११ | मिति २०८०।०२।०६ देखि मिति २०८१।०५।०५ सम्म | मन्त्री भएका |
| १३ | मा. श्रीमति माया पन्त | ५८ | ४३ | मिति २०८०।०२।०६ देखि हालसम्म | बिचमा केही समय मन्त्री भएका |
| १४ | मा. हिरा सार्कि | ५८ | ३३ | मिति २०८०।०२।०६ देखि मिति २०८१।०५।०५ सम्म | मन्त्री भएका |

# परिच्छेद – ३

## उपलब्धिहरु

❖ सामाजिक विकास समितिका बैठकहरुमा भएका विभिन्न विषयसंग सम्बन्धित छलफलका आधारमा दिइएका सुझाव, निर्देशन तथा विभिन्न सरकारी निकायबाट सम्पन्न भएका योजना-कार्यक्रमको अनुगमन, अवलोकन, स्थलगत रुपमै सुझाव संकलनले धेरै विषयमा प्रभाव पारेको छ। समितिको निर्णयले सुझाएका केहि विशेष योजनाहरु सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समेटिएको छ।

❖ सामाजिक विकास समितिका बैठकहरुमा भएका विभिन्न विषयसंग सम्बन्धित छलफलका आधारमा दिइएका सुझाव, निर्देशन तथा विभिन्न सरकारी निकायबाट सम्पन्न भएका योजना-कार्यक्रमको अनुगमन, अवलोकन, स्थलगत रुपमै सुझाव संकलनले धेरै विषयमा प्रभाव पारेको छ।

❖ सुदूरपश्चिम प्रदेश सभा नियमावली २०८० ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास समितिले बैठक संचालन र आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढंगले सञ्चालन गर्ने तथा गर्नुपर्ने कामकारवाहीलाई व्यवस्थित तुल्याउन वान्छनिय भएकोले सामाजिक विकास समितिले सामाजिक विकास समितिको कार्यविधि, २०८१ बनाएको छ।

❖ समितिले सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर सरोकारवाला पक्ष, मन्त्रालय, विज्ञ, राजनीतिक दलका नेता एवं प्रतिनिधिहरुसँग सर्वपक्षीय अन्तरक्रिया तथा छलफल गरी वहाँहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई सान्दर्भिकता र औचित्यता हेरी विधेयकमा समावेश गरी तयार गरिएको विधेयकको प्रतिवेदन पारित गरेको छ।

❖ सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) बमोजिम कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्ने प्रयोजनका लागि दलित सशक्तिकरण ऐन, २०७८ उपर विभिन्न सरोकारवाला पक्ष, विज्ञ र मन्त्रालयका माननीय मन्त्री तथा सचिवहरुसँग छलफल गरी रचनात्मक सुझावहरु प्राप्त भयो।

# परिच्छेद – ४

## समस्याहरु

१. समितिको बैठकबाट निर्णय गरी अध्ययन अनुसन्धानका लागि सरकारी निकायहरुबाट माग भएका विवरणहरु सकभर नदिने, दिएमा पनि समयमा नदिने, उपलब्ध गराइएका विवरणहरु पनि माग बमोजिम पूर्णरुपमा उपलब्ध नगराउने ।

२. समितिका निर्णयमा सरकारले प्रभाव पार्न सक्ने अवस्था रहेको ।

३. कुनै कुनै विधेयकहरुमा पर्याप्त छलफल गर्ने समय कम हुँदा बृहतरुपमा त्यसबाट हुने फाइदा एवं असर लगायतका विषयमा छलफल हुन नसकेको ।

४. बजेट अभावले गर्दा अनुगमन, मूल्यांकन एवं विविध विषयका सरोकार पक्षसंगको अन्तरक्रिया गर्न नसकिएको ।

५. भौतिक पूर्वाधारको कमिले गर्दा समितिको बैठक संचालन गर्दा आमन्त्रित विषय विज्ञ र सरोकारवालालाई राखेर छलफल गर्न कठिनाई भएको ।

६. प्रदेश सभा सचिवालयमा नै कर्मचारीको अभाव रहेको अवस्थामा यस समितिमा पनि आवश्यकता अनुसार कर्मचारी उपलब्ध हुन नसकेको ।

७. विषयगत समिति भनेकोसरकारलाई राम्रो बाटोमा हिड्न सहयोग पुग्ने समिति हो भन्ने भावना प्रदेश सरकारमा नभएको ।

८. समितिमा हुने अनुगमन भ्रमण लगायतका निर्णय गरिसकेपछि साधनस्रोतको अभावले निर्णयमा मात्र सिमित हुने गरेको ।

९. गणपुरक संख्या समितिका कूल सदस्य संख्याको पचास प्रतिशतको व्यवस्था भएपनि गणपुरक संख्या पुग्नै समस्या देखिएको ।

१०. निर्देशन तथा प्रतिवेदन कार्वान्वयन गर्ने बाध्यकारी व्यवस्था नहुनु ।

११. प्रदेश संसद, नागरिक समाज, मिडिया बीच समन्वयको कमी ।

१२. सचिवालयका कर्मचारीहरुलाई अवधारणागत, प्राविधिक, व्यवस्थापकिय एवं मानव सीप प्रवर्द्धन गरी व्यवसायिक मूल्य, मान्यता निर्देशीत बनाउन क्षमता विकासका कार्यक्रमहरु अपर्याप्त छन ।

१३. समितिमा विषय विशेषज्ञको आवश्यकता परेको समयमा उपलब्ध नहुनु र उपलब्ध भएपनि विज्ञलाई दिइने पारिश्रमिक एवं सुविधा उपलब्ध गराउन नसक्नु ।

# परिच्छेद – ५
## सुझावहरु

माथि परिच्छेद चारमा उल्लेखित विभिन्न समस्याहरुको समाधानका लागि देहाय बमोजिमका सुझावहरु सिफारिस गरिन्छ।

१. समितिबाट माग भएका विवरणहरु सम्बन्धित निकायहरुबाट समयमा उपलब्ध गराउने र सो नगरेमा कारवाहीको व्यवस्था हुनुपर्दछ।

२. समितिबाट दिइएका निर्देशन एवं सुझावहरुको कार्यान्वयन बाध्यकारी हुनुपर्दछ।

३. समितिमा प्राप्त भएको विधेयक उपर हतारमा नभएर आवश्कता अनुसार छलफल अन्तरक्रिया गर्न सकिने गरि समयको उपलब्धता हुनुपर्दछ।

४. कार्यक्षेत्र भित्रका निकायहरुबाट सम्पादित कामको अनुगमन मूल्यांकनका लागि सचिवालयमा समितिगत बजेटको व्यवस्था हुनुपर्दछ।

५. काम गर्ने वातावरणको लागि भौतिक पूर्वाधार पनि एउटा पक्ष भएकोले भौतिक पूर्वाधारलाई प्राथमिकता दिनुपर्दछ।

६. समितिहरुमा आवश्यकता अनुसार कर्मचारीको पूर्ति गरिनु पर्दछ।

७. समितिमा लिइने निर्णयले ठूलो प्रभाव पार्ने भएकोले संभव भएसम्म माननीयहरुलाई समितिको बैठकमा उपस्थित हुनुपर्दछ भन्ने भावनाको विकास हुनुपर्ने।

८. समितिबाट आमन्त्रण गरिएका पदाधिकारी एवं कर्मचारीहरु माग भएका विवरण सहित समयमा नै उपलब्ध हुनुपर्ने।

# परिच्छेद-६

## निष्कर्ष

समितिका निरन्तर बैठक सञ्चालन, सरकारका कामकारवाहीको संसदीय निगरानी, समितिको बैठकमा हुने छलफलहरुमा सहभागि हुने माननीय सदस्यहरुको रुची र निरन्तर अभ्यासले समितिमा संसदीय प्रणालीको विकास हुनुको साथै यसको महत्व बढ्दै गइरहेको छ। समितिको प्रभावकारी कार्यप्रणाली, व्यवस्थापन र सञ्चालनबाट प्रदेश सभाको संस्थागत सुदृढिकरणमा सघाउ पुग्छ। विभिन्न जिल्लाहरुमा भएको संसदीय अनुगमन, निगरानी तथा अन्तरक्रिया र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालनका सिलसिलामा नागरिकसँग जाने क्रममा प्रदेश सभा र सरकारप्रति नागरिकको धारणाबारे समितिले बुझ्ने अवसर पायो। त्यसका साथै प्रदेश सभाले निर्माण गरेका ऐनहरुको समयानुकुल परिमार्जनका विषयमा समेत जनचासो बढेको पाइएको छ।

सामुहिक भावना र आपसी सहयोबाट समितिका क्रियाकलापहरु प्रभावित हुने भएकोले यसमा समितिका सम्पुर्ण माननीय सदस्यहरु तथा सहयोगि कर्मचारीहरुको सहयोग, चासो र सक्रिय सहभागिलाई आगामी दिनहरुमा थप प्रभावकारी बनाउन अपरिहार्यता भएको छ।

## <u>अनुसूची – १</u>

**(सामाजिक विकास समितिबाट पारित भएका विधेयक प्रतिवेदन/कार्यविधि/निर्देशिका/कार्ययोजना)**

## <u>सामाजिक विकास समितिको कार्यविधि, २०८१</u>

समितिको वैठकलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन बाञ्छनिय भएकोले, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम (८) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास समितिले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "सामाजिक विकास समितिको कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपसमिति" भन्नाले तोकिए बमोजिम कार्यसम्पादन गर्ने गरी समितिद्वारा गठित उपसमिति सम्झनुपर्दछ।

(ख) "कार्यदल" भन्नाले तोकिए बमोजिम कार्यसम्पादन गर्ने गरी समिति वा उपसमितिद्वारा गठित कार्यदल सम्झनु पर्दछ।

(ग) "कार्यक्षेत्र" भन्नाले सामाजिक विकास मन्त्रालय, भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय, मानवअधिकार, सम्वद्ध विषय तथा निकाय र नियमावलीको नियम १५३ बमोजिम तोकिएको थप विषय सम्झनु पर्दछ।

(घ) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० सम्झनु पर्दछ।

(ङ) "वैठक" भन्नाले सामाजिक विकास समितिको वैठक सम्झनुपर्छ र सो शब्दले समितिद्वारा गठित उपसमिति वा कार्यदलको वैठक समेतलाई जनाउँछ।

(च) "भ्रमण" भन्नाले स्वदेश तथा विदेशमा हुने स्थलगत अध्ययन, अनुगमन तथा निरिक्षण भ्रमण समेतलाई जनाउँछ।

(छ) "सचिवालय" भन्नाले सामाजिक विकास समितिको सचिवालय सम्झनु पर्दछ।

(ज) "सदस्य" भन्नाले सामाजिक विकास समितिको सदस्य सम्झनु पर्दछ।

(झ) "सभा" भन्नाले सुदूरपश्चिम प्रदेश सभा सम्झनु पर्दछ।

(ञ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्दछ र सो शब्दले वैठकको सभापतित्व गर्ने ज्येष्ठ सदस्यलाई समेत जनाउँछ।

(ट) "समिति" भन्नाले सामाजिक विकास समिति सम्झनु पर्दछ।

(ठ) "सचिव" भन्नाले नियमावलीको नियम १७२ को उपनियम(३) बमोजिम तोकिएको समितिको सचिव सम्झनु पर्दछ।

(ड) "संयोजक" भन्नाले समितिद्वारा गठित उपसमिति वा कार्यदलको संयोजक सम्झनु पर्दछ।

३. **<u>वैठकको प्रारम्भ र स्थगनः</u>** (१) समितिको बैठक कार्यबोझलाई ध्यानमा राखी यस कार्यविधिको अधीनमा रही सभापतिले तोकेको दिन र समयमा बस्नेछ ।

(२) बैठक सभापतिले निर्धारण गरेको समयमा शुरु हुनेछ।

तर निर्धारित समयको दुई घण्टासम्म पनि बैठक प्रारम्भ हुन नसकेमा सभापतिले सो बैठक स्थगन गरी अर्को बैठकको सूचना गर्नेछ ।

(३) कुनै कारणवश बैठक बस्न तोकिएको दिन, समय वा कार्यक्रम परिवर्तन भएमा त्यसको कारणसहितको सूचना समितिको सूचनापाटीमा टाँसिनेछ र सो सम्बन्धी जानकारी सदस्यलाई विद्युतीय माध्यमबाट समेत दिइनेछ । त्यसरी दिइएको सूचना सबै सदस्यले पाएको मानिनेछ ।

(४) सभापतिले प्रत्येक बैठकको प्रारम्भ र स्थगनको घोषणा गर्नेछ।

४. **समितिको बैठकः** (१) समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकता अनुसार बोलाउन सक्नेछ।

तर समितिको बैठक स्थगित भएको अवस्थामा छलफल गर्नुपर्ने विषय सहित बैठक बोलाउन उपयुक्त छ भनी समितिका एक चौथाई सदस्यले सभापति समक्ष लिखित अनुरोध गरेमा पाँच दिनभित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नु पर्नेछ।

(२) सभापतिको अनुपस्थितिमा समितिका सदस्यले आफूमध्येबाट छानेको ज्येष्ठ सदस्यले समितिको बैठकको सभापतित्व गर्नेछ। यसरी सभापतित्व गरेकोमा सो कुराको जानकारी सभामुखलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिको बैठकको सभापतित्व गर्दा सभापतिलाई भएको सबै अधिकार प्रयोग गर्न सक्नेछ।

(४) समिति वा उपसमितिको बैठक सभा भवनको परिसरभन्दा बाहिर बस्नु परेमा सभापतिले सभामुखको लिखित अनुमति लिनु पर्नेछ।

५. **बैठकको कार्यसूची र जानकारीः** (१) सभापतिको निर्देशानुसार सचिवले बैठक बस्ने एक दिन अगावै सम्भावित कार्यसूची तयार गर्नेछ र सोही दिन विद्युतीय माध्यमबाट सदस्यलाई सोको जानकारी गराउनेछ।

(२) सभापतिको निर्देशानुसार बैठक बस्ने एक घण्टा अगावै कार्यसूची तयार गरी त्यसको एक प्रति सदस्यलाई उपलब्ध गराईनेछ।

(३) समितिको कुनै सदस्यले विषयको गाम्भिर्यता अनुसार तत्काल कुनै विषयबस्तु कार्यसूचीमा राख्नुपर्ने भएमा सभापतिको अनुमतिले बैठकसमक्ष प्रस्ताव गर्नुपर्नेछ।

६. **उपस्थितिः** बैठकमा आसन ग्रहण गर्नुअघि प्रत्येक सदस्यले वर्णानुक्रम अनुसारको उपस्थिति वा निर्णय पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमा उपस्थिति जनाउनु पर्नेछ।

७. **गणपूरक संख्याः** (१) समितिको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।

(२) समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सो सङ्ख्या नपुगेसम्म समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिको बैठकमा समेत गणपूरक सङ्ख्या नपुगेमा कम्तीमा एक तिहाई सदस्यको उपस्थितिमा बैठक बस्न सक्नेछ र सोको जानकारी सभापतिले सभामुखलाई दिनु पर्नेछ।

८. **लगातार अनुपस्थितिमा कारबाहीः** लगातार पाँचवटा बैठकमा अनुमति बिना अनुपस्थित रहने सदस्यलाई सभापतिले समितिबाट हटाउन सिफारिश गर्न सक्नेछ।

९. **सूचना दिने समयः** यस कार्यविधिमा अन्यथा लेखिएकोमा बाहेक सदस्यले सूचना दिंदा बैठक बस्नुभन्दा दुई घण्टा अगावै सचिवलाई दिनु पर्नेछ। सो समय नघाई दिइएको सूचना त्यसपछिको कार्य दिनमा दिएको मानिनेछ।

१०. **सूचनामा संशोधनः** कुनै सूचनामा आपत्तिजनक, व्यङ्ग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा सभापतिले त्यस्तो सूचना वितरण हुनुभन्दा अघि उपयुक्त संशोधन गर्न वा गराउन सक्नेछ।

११. **कागजपत्रको वितरणः** (१) सचिवले आवश्यक कागजपत्र तथा सूचना सदस्यलाई उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम सदस्यलाई उपलब्ध गराउनु पर्ने कागजपत्र तथा सूचना विद्युतीय माध्यमबाट उपलब्ध गराउने व्यवस्था समेत सचिवले मिलाउन सक्नेछ। यसरी उपलब्ध गराइएको कागजपत्र तथा सूचना सम्बन्धित सदस्यले प्राप्त गरेको मानिनेछ।

१२. **बैठकमा विशेष ध्यान दिनुपर्ने कुराहरुः** वैठकमा विशेष ध्यान दिनुपर्ने विषय मुख्य रुपमा देहाय बमोजिम हुनेछनः-

(क) वैठकमा पुर्वनिर्धारित कार्यसूचीमा छलफल हुनेछ।

(ख) सदस्यले समितिको वैठकमा बोल्दा सभापतिलाई मात्र सम्बोधन गरेर बोल्नुपर्नेछ।

(ग) वैठकमा बोल्न चाहने सदस्यले हात उठाएर सभापतिको ध्यानाकर्षण गर्न सक्ने वा तोकिएको समयभित्र नाम टिपाउन सक्नेछ।

(घ) छलफलमा बोल्दा सभापति वा समितिको मर्यादामा आँच आउने कुनै कुरा बोल्न पाइने छैन।

(ङ) वैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लगाउने, अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन।

(च) वैठकको अवधिभर मोबाइल फोन मौन अवस्थामा राख्नुपर्नेछ र आवश्यक परेमा सभापतिको अनुमति लिएर सभाकक्ष बाहिर गएर कुरा गर्नुपर्नेछ।

(छ) वैठक चलिरहेको समयमा छलफल सम्बन्धी कागजात बाहेक पत्रपत्रिका पढ्ने वा अन्य असान्दर्भिक कागजपत्र पढ्न पाइने छैन।

(ज) विशेष कारण परेको अवस्थामा बाहेक वैठक प्रारम्भ भएपछि अन्त्य नभएसम्म सदस्य वैठक कक्षमा अनिवार्य उपस्थित रहनुपर्नेछ। कारण विशेषले समितिको वैठक नसकिदै वैठक छाडेर बाहिर जानु परेमा सभापतिको अनुमति लिएर मात्र जानु पर्नेछ।

१३. **सुव्यवस्था र अनुशासन कायम गर्नेः** (१) समितिको वैठकमा शान्ति, सुव्यवस्था तथा अनुशासन कायम राखी समितिको वैठक सुचारु रुपले सञ्चालन गर्न समिति र समितिका सदस्यका सम्बन्धमा नियमावली बमोजिम सभामुखलाई भएको सबै अधिकार सभापतिलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग भई समितिको कुनै सदस्य निष्काशित वा निलम्बित भएमा सभापतिले सो कुराको सूचना सभामुखलाई दिनु पर्नेछ।

१४. **सम्बद्धताः** (१) सदस्यले बोलेको कुरा समितिमा तत्काल विचाराधीन रहेको विषयसँग सम्बद्ध हुनु पर्नेछ।

(२) कुनै सदस्यले असम्बद्ध कुरा बोलिरहेमा वा आफ्नो वा अरू कसैको तर्कलाई बारम्बार दोहोऱ्याइरहेमा सभापतिले निजको वक्तव्यप्रति बैठकको ध्यान आकर्षित गर्दै विषय

केन्द्रित भई भनाई राख्न आग्रह गर्न सक्नेछ। विषय केन्द्रित भई भनाई नराखेमा निजलाई बोल्न बन्द गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश हुनासाथ सो सदस्यले बोल्न बन्द गर्नु पर्नेछ।

१५. **<u>विज्ञलाई आमन्त्रण गर्न सक्ने:</u>** (१) समितिले आवश्यक ठानेमा सम्बन्धित विषयका विज्ञलाई समिति, उपसमिति वा कार्यदलको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि समितिको परामर्शमा सचिवालयले विज्ञको रोष्टर तयार गर्नु पर्नेछ।

१६. **<u>विज्ञ सल्लाहकार राख्न सक्ने:</u>** (१) सभापतिले आवश्यक ठानेमा समितिको काममा सहयोग पुऱ्याउन अवैतनिक वा सचिवालयलाई कुनै किसिमको आर्थिक भार नपर्ने गरी विज्ञ सल्लाहकार राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विज्ञ सल्लाहकार राख्दा निजको सेवा, शर्त र अवधी तोक्नु पर्नेछ। सोको जानकारी सभापतिले समितिलाई दिनु पर्नेछ।

१७. **<u>निर्णय प्रक्रिया:</u>** (१) समितिको बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ।

(२) समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित हुनेछ।

१८. **<u>उपसमिति वा कार्यदल गठन:</u>** (१) समितिले सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक कामकारवाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्रभित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्य मध्येबाट उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलले गर्नु पर्ने काम र समयावधि किटान गर्नु पर्नेछ।

(३) उपसमिति वा कार्यदलको संयोजक समितिले तोक्नेछ। समितिले नतोकेको अवस्थामा सम्बन्धित उपसमिति वा कार्यदलमा रहने सदस्यको आपसी सहमतीबाट संयोजक चयन गरिनेछ।

(४) विषयको गाम्भिर्यतालाई विचार गरी समितिले आवश्यकता अनुसार सभापतिको संयोजकत्वमा समेत उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम कुनै विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदलका सदस्यले स्थलगत भ्रमण गर्नु परेमा सभापति मार्फत सभामुखको पूर्वस्वीकृति लिनु पर्नेछ।

(६) उपसमिति वा कार्यदलले समितिले तोकेको समयावधी भित्रै आफुलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ। निर्धारित समयभित्र कार्य सम्पन्न हुन नसकी समयावधि थप गर्न माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ।

(८) उपसमिति वा कार्यदललाई कार्य सम्पादन गर्ने क्रममा कुनै कठिनाई भएमा सभापतिसँग समन्वय गर्नेछ।

(९) उपसमिति वा कार्यदलले समिति समक्ष पेश गरेको प्रतिवेदन माथि समितिको बैठकमा छलफल गरी आवश्यक निर्णय लिइनेछ।

१९. **<u>विधेयकको दफावार छलफल:</u>** (१) सभाबाट विधेयकको दफावार छलफलका लागि समितिमा पठाउने निर्णय भएपश्चात समितिले प्रदेश सभा सचिवालयबाट विधेयक र सो सँग सम्बन्धित सम्पुर्ण कागजपत्र माग गरी समितिको व्यवस्थापन प्रक्रियामा समावेश गर्नुपर्नेछ।

(२) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विधेयकमाथि समितिमा दफावार छलफल हुनेछ।

(३) समितिको बैठकमा विधेयकमाथि दफावार छलफल गर्दा विषय विज्ञ, प्रदेश सरकारको कानुन मन्त्रालयका प्रतिनिधि, संशोधन प्रस्तावकर्ता सदस्य तथा सम्बन्धित मन्त्री एवम् सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

(४) विधेयकमाथि दफावार छलफल समाप्त भएपछि समितिले सचिवालयका कर्मचारीको सहयोगमा सो सम्बन्धी प्रतिवेदन तयार गर्नेछ।

२०. <u>**प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनेका कानुन उपलब्ध गराउनु पर्नेः**</u> (१) सभाबाट अधिकार प्रत्यायोजित भई बनाइएको कानुन सम्बन्धित निकायबाट स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशित भएको मितिले सात दिनभित्र समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएका प्रत्यायोजित विधायन अन्तर्गत बनेका कानुनलाई प्राथमिकता दिई समितिले दफा २२ मा उल्लिखित विषयका आधारमा परीक्षण गर्नेछ।

(३) उपदफा (२) बमोजिम परीक्षण गर्दा सभाबाट प्रत्यायोजित गरेको अधिकारको सीमाभन्दा फरक रुपमा बनेको देखिएमा समितिले फरक रुपमा बनेका प्रावधानहरू कार्यान्वयन नगर्न, नगराउन तत्काल निर्देशन दिन सक्नेछ।

२१. <u>**कानुन कार्यान्वयन मापनः**</u> कम्तीमा तीन वर्ष कार्यान्वयनमा रहेको कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्न समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित कानुन कार्यान्वयनको मापन गर्न सक्नेछ।

२२. <u>**प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कार्य गर्दा ध्यान राख्नु पर्ने विषयः**</u> (१) समितिले प्रत्यायोजित व्यवस्थापन उपर छलफल गर्दा देहायका विषय समेतलाई ध्यानमा राख्नु पर्नेछः-

(क) संविधान वा ऐनको उद्देश्य अनुरुप नियम बनेको छ वा छैन,

(ख) सभाबाट प्रत्यायोजित अधिकार अन्तर्गत प्रदेश सरकारले बनाउनु पर्ने नियम बनाएको छ वा छैन,

(ग) ऐनले तोके बमोजिमका विषय नियममा परेका छन वा छैनन्,

(घ) कुनै कर लगाउने वा उठाउने कुरा नियममा परेको छ वा छैन,

(ङ) सभाले प्रत्यायोजित गरेको व्यवस्था अनुसार बनेको नियमले अदालतको क्षेत्राधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हस्तक्षेप गर्छ वा गर्दैन,

(च) संविधान वा ऐनले स्पष्ट रुपमा त्यस्तो कुनै अधिकार प्रदान नगरेको कुनै व्यवस्थाको सम्बन्धमा नियम भुतप्रभावी छ वा छैन,

(छ) संचित कोष वा अन्य सरकारी कोषबाट नियममा कुनै खर्च व्यहोर्नु पर्छ वा पर्दैन,

(ज) संविधान वा ऐनबाट प्रदत्त अधिकारको सीमाभित्र नियम छ वा छैन,

(झ) त्यस्तो नियम प्रकाशन गर्न र सचिवालय समक्ष पेस गर्नमा अनावश्यक ढिलाइ गरिएको छ वा छैन,

(ञ) त्यस्तो नियमको अभिप्राय स्पष्ट गर्नको लागि कुनै स्पष्टीकरण आवश्यक पर्छ वा पर्दैन।

(२) समितिले प्रत्यायोजित व्यवस्थापन सम्बन्धी प्रतिवेदन सभामा प्रस्तुत गर्दा देहायका विषय समेतलाई समावेश गर्न सक्नेछः-

(क) उपदफा (१) मा उल्लिखित कुराका अतिरिक्त कुनै नियम पूर्ण वा आंशिक रुपमा खारेज वा संशोधन गर्नुपर्ने देखिएमा त्यसको कारण सहितको सिफारिस,

(ख) मन्त्रीले प्रदेश सरकारको तर्फबाट सभा वा समितिमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारबाट के कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई दिएका निर्देशन।

(ग) आवश्यक अन्य विषय।

२३. **समितिको प्रतिवेदनः** (१) सभापति वा निजको अनुपस्थितिमा निजले तोकेको समितिको अन्य कुनै सदस्यले संक्षिप्त वक्तव्य सहित समितिको प्रतिवेदन सभामा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नु पर्नेछ र कार्यान्वयनको अवस्थाको जानकारी नियमित रुपमा समितिलाई गराउनु पर्नेछ।

(३) समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवम् मूल्याङ्कन गरी सोको प्रतिवेदन सभामा पेस गर्न सक्नेछ ।

२४. **अध्ययन, भ्रमण, अनुगमन तथा मुल्याङ्कन र अन्तरक्रिया गर्नसक्नेः** समितिले आवश्यकतानुसार आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा निगरानी राख्न अध्ययन, अवलोकन, भ्रमण, अनुगमन तथा मुल्याङ्कन गर्नेछ। आफ्नो विषयसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति, समुदाय, सरकारी तथा गैर सरकारी संस्था, समूह र विशेषज्ञसँग समितिमा बोलाई वा स्थलगत रुपमा आवश्यक छलफल तथा अन्तरक्रिया गर्न सक्नेछ।

२५. **छलफल, समन्वय र सहकार्य गर्न सक्नेः** समितिले आवश्यकतानुसार सभाका अन्य समितिसँग सम्बन्धित विषयमा छलफल, समन्वय र सहकार्य गर्न सक्नेछ।

२६. **कागजपत्र झिकाउने तथा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्नेः** (१) समितिले आवश्यक ठानेमा कुनै कागजपत्र झिकाउन वा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्नेछ।

तर त्यस्तो कागजपत्र पेस गर्दा राष्ट्रिय सुरक्षा, शान्ति र सुव्यवस्था, सार्वजनिक वा राष्ट्रिय हितको प्रतिकूल हुन जान्छ भन्ने लागेमा मन्त्रीले त्यसको कारण खुलाई सम्बन्धित समितिलाई जानकारी दिनु पर्नेछ र यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ।

(२) उपदफा (१) बमोजिम उपस्थित गराइएको व्यक्ति वा सरकारी अधिकारीलाई समितिले आवश्यक भएमा सोधपुछ गर्न वा गराउन सक्नेछ ।

२७. **मन्त्रालय वा निकायको कर्तव्यः** समिति, उपसमिति वा कार्यदलले आफ्नो विषयसँग सम्बन्धित कागजपत्र र विवरण माग गरेका बखत उपलब्ध गराउनु समितिका कार्यक्षेत्र भित्रका हरेक मन्त्रालय वा निकायको कर्तव्य हुनेछ।

२८. **छलफल र निर्णयबाट अलग हुनुपर्नेः** सदस्यले समितिमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा नीजि स्वार्थ गाँसिएको भएमा स्वेच्छाले कारण सहित सभापतिमार्फत समितिलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफु अलग हुनुपर्नेछ।

२९. **अनुपस्थितिको सूचनाः** समितिको लगातार पाँचवटा बैठकमा अनुपस्थित हुने सदस्यले सोको कारण सहितको सूचना सभापतिलाई दिनु पर्नेछ र सोभन्दा बढी अवधिको भएमा सभामुखबाट स्वीकृत गराउनु पर्नेछ ।

३०. **विदेश भ्रमणः** कुनै सदस्यलाई समितिको क्षेत्राधिकार भित्रको बिषयसँग सम्बन्धित विदेश भ्रमणको निमन्त्रण प्राप्त भएमा सभापतिलाई जानकारी गराउनुपर्नेछ। सभापतिको हकमा सभामुखबाट अनुमती लिनु पर्नेछ र समितिलाई जानकारी गराउनु पर्नेछ।

३१. **कागजात उपलब्ध गराउनेः** सचिवालयले समितिका सदस्यलाई समितिको विषयसँग सम्बन्धित विषयका कागजात, सूचना, निर्णय वा अन्य जानकारी उपलब्ध गराउनेछ।

३२. **<u>सूचना प्रवाहः</u>** वैठकको काम कारवाही, निर्णय तथा अन्य सूचना सभापतिको अनुमति लिई सचिवले सार्वजनिक गर्न सक्नेछ।

३३. **<u>वैठकमा समावेश विषय, छलफल तथा प्राथमिकताः</u>** (१) समिति सम्वद्ध विषयमा सभापतिले उपयुक्त सम्झेका, समितिको कार्यक्षेत्र भित्र परेका, सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित भएका विषयले वैठकमा प्राथमिकता पाउनेछन।

(२) समितिले सरोकारवाला व्यक्ति वा संस्था, हित समुह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासा लगायत सार्वजनिक सरोकारका विषयमा छलफल गरी आवश्यक निर्णय लिन सक्नेछ।

(३) समितिले आवश्यक ठानेमा कुनै उजुरीकर्ता वा सुचकलाई वैठकमा आमन्त्रण गरी छलफल गर्न सक्नेछ। निजले आफ्नो सहयोगका लागि कसैलाई वैठकमा ल्याउन चाहेमा सभापतिको पुर्व अनुमति लिनु पर्नेछ।

(४) समितिले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रहेका समस्या, चुनौति र सम्भावनाको पहिचान गरी सोको समुचित टिप्पणी, सिफारिश र निर्देशन सहितको प्रतिवेदन पेश गर्नेछ।

३४. **<u>स्थलगत अनुगमन, निरीक्षण, छलफल तथा प्रतिवेदनः</u>** (१) समितिले दिएको निर्देशन कार्यान्वयनको अवस्थाको सम्बन्धमा आवश्यकतानुसार उपसमिति तथा अनुगमन टोली गठन गरी स्थलगत अनुगमन, निरीक्षण एवम् समिक्षा गर्नेछ।

(२) कुनै महत्वपूर्ण विषयमा अध्ययन अनुगमन गर्दा सभापतिको नेतृत्वमा सामान्यतया सबै दलको प्रतिनिधित्व हुने गरी अनुगमन भ्रमण गर्न सकिनेछ।

(३) सरकारबाट भए गरेका कामकारवाहीको निगरानी गर्ने र समिति सम्वद्ध मन्त्रालय अन्तर्गतका कार्यक्रम, योजना तथा परियोजनाको लागत, परिमाण, गुणस्तर, समय आदिलाई मध्यनजर गरी आवश्यक निर्देशन एवं राय सल्लाह दिन सक्नेछ।

(४) समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले स्थलगत अनुगमन तथा निरिक्षण गर्न सक्नेछन।

(५) उपदफा (४) बमोजिम स्थलगत अनुमगन तथा निरिक्षणमा जानु पूर्व स्पष्ट खाका सहितको चेकलिष्ट तयार गर्नुपर्नेछ।

(६) समितिसँग सम्बन्धित विषयमा राय दिनुपर्ने अवस्था आएमा त्यस्तो कार्यका लागि सभापति वा समितिमा रहेका कुनै सदस्यको संयोजकत्वमा अध्ययन उपसमिति, अनुगमन टोली तथा कार्यदल गठन गरी आवश्यक अध्ययन अनुगमन गरिनेछ।

(७) उपदफा (६) बमोजिमको अध्ययन उपसमिति, अनुगमन टोली तथा कार्यदलले पेश गरेको प्रतिवेदन समितिमा छलफल तथा पारित गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि निर्देशन सहित पठाइनेछ।

(८) समितिले सुदूरपश्चिम प्रदेशभित्र संघ र स्थानीय तहबाट सञ्चालित विभिन्न आयोजनाहरुको अनुगमन, निरिक्षण गरी सम्बन्धित तहसँगको समन्वयमा आवश्यक पहलकदमी गर्न सक्नेछ।

३५. **<u>समितिको अभिलेखः</u>** सचिवले सभापतिको निर्देशन अनुसार समितिमा भएको छलफल, निर्णय र काम कारवाहीसँग सम्बन्धित विषयको अभिलेख व्यवस्थित गरी राख्नेछ।

३६. **<u>समिति सचिवालयः</u>** (१) नियमावलीको नियम १७२ को उपनियम (३) बमोजिमको सचिव र प्रदेश सभा सचिवालयबाट तोकिएका अन्य सहायक कर्मचारीहरु रहेको एक समिति सचिवालय रहनेछ।

(२) सचिवले समितिको कार्य सम्पादनमा सहयोग पु¥याउन सम्बन्धित मन्त्रालय वा अन्तर्गतका निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ ।

३७. **राय दिन सक्ने:** सचिवले सभापतिको अनुमति लिई बैठकमा विचाराधीन विषयमा आफ्नो राय दिन सक्नेछ।

३८. **बैठकमा प्रवेश:** सञ्चारकर्मी वा अन्य सरोकारवालालाई समितिको बैठकमा आवश्यकता अनुसार प्रवेश दिइने छ।

३९. **सहयोग गर्नुपर्ने:** सदस्यले बैठक संचालन कार्यमा सभापतिलाई सहयोग गर्नु पर्नेछ।

४०. **व्याख्या:** यो कार्यविधिको व्याख्या गर्ने अधिकार सभापतिलाई हुनेछ र सोको जानकारी समितिलाई दिनुपर्नेछ।

४१. **संशोधन वा परिमार्जन:** समितिले आवश्कता अनुसार यो कार्यविधि संशोधन वा परिमार्जन गर्न सक्नेछ।

४२. **अन्य व्यवस्था:** यस कार्यविधिमा उल्लेख नभएका व्यवस्थाका सम्बन्धमा नियमावली बमोजिम हुनेछ।

४३. **खारेजी र बचाउ:** (१) सामाजिक विकास समितिको कार्यविधि, २०७४ खारेज गरिएको छ।

(२) सामाजिक विकास समितिको कार्यविधि, २०७४ अनुसार भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्नु पर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिकशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रज्ञा प्रतिष्ठान सम्बन्धी प्रचलित कानूनी व्यवस्थामा समयानुकूल संशोधन, परिमार्जन तथा एकीकरण गर्न वाञ्छनीय *भएकोले,*

*सुदूरपश्चिम* प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार:** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ।

२. **सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को दफा २ मा संशोधन:** सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-,

(क) "उपकुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।

(ख) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नाट्यकला" भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनुपर्छ।

(ङ) "पदाधिकारी" भन्नाले कुलपति, उपकुलपति र प्राज्ञ परिषद्का मनोनीत सदस्य सम्झनु पर्छ।

(च) "परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञपरिषद् सम्झनु पर्छ।

(छ) "प्रमुख संरक्षक" भन्नाले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ।

(ज) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ञ) "ललितकला" भन्नाले चित्रकला, मुर्तकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्छ।

(ट) "सङ्गीत" भन्नाले गायन, सङ्गीत, वादन र नृत्य सम्झनु पर्छ।

(ठ) "सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ।

(ड) "संरक्षक" भन्नाले सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्री सम्झनु पर्छ।

३. **मूल ऐनको दफा ३ मा संशोधन:** मूल ऐनको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सुदूरपश्चिम प्रदेशका सबै भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्नका लागि सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको स्थापना गरिएको छ।"

४. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, सम्वर्द्धन र विकास गर्ने,

(ख) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित सामग्रिको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने, गराउने,

(ग) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विविध विषयमा प्रादेशिक, राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय गोष्ठि, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने,

(घ) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ङ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका विभिन्न विषयमा हुने अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने,

(च) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका विभिन्न क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्ने,

(छ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(ज) स्वदेशी एवं विदेशी उत्कृष्ट कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(झ) विभिन्न जातजाति तथा समुदायका साहित्य, लिपि, मौलिक संस्कृति तथा लोकोक्तिको पहिचान तथा सम्बर्द्धन र संरक्षण गर्ने,

(ञ) लोक साहित्य, लोक सङ्गीत, लोकनृत्य समेतका विधाका श्रव्यदृश्य सामग्रिको निर्माण, सङ्कलन, अध्ययन अनुसन्धान गरी अभिलेख राख्ने,

(ट) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रतिभालाई प्रोत्साहित एवं विकास गर्ने वातावरण सिर्जना गर्ने,

(ठ) प्रदेशका लोपोन्मुख भाषा, लिपि, साहित्य, लोक साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन, खोज र विकास गर्ने,

(ड) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको विषयमा अध्ययन तथा अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,

(ढ) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने।

५. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ५ राखिएको छः-

"६. प्रज्ञा प्रतिष्ठाको सङ्गठनः प्रज्ञा प्रतिष्ठाको सङ्गठन देहायबमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) प्राज्ञ सभा र

(ख) प्राज्ञ परिषद्।"

६. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्राज्ञ सभाको गठन देहायबमोजिम हुनेछः-

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको क्षेत्रमा योगदान पुर्‍याएका विशिष्ट व्यक्तिहरू मध्येबाट भौगोलिक र समानुपातिक समावेशितालाई ध्यानमा राखी प्रत्येक विधाबाट कम्तीमा दुई जनाको प्रतिनिधित्व हुने गरी मुख्यमन्त्रीले मनोनीत गरेका बाईस जना - सदस्य

(२) उपदफा (२) पछि देहायको उपदफा (३) राखि त्यसभन्दा पछिका उपदफाहरुको क्रम मिलाइएको छः-

"(३) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरुमध्येबाट मुख्यमन्त्रीले तोकेको सदस्यले प्राज्ञ सभाको सदस्य-सचिव भई काम गर्नेछ।"

(३) उपदफा (६) हटाइको छ।

७. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ सट्टा देहायको दफा ८ राखिएको छः-

"८. सिफारिस समितिः (१) पदाधिकारी तथा प्राज्ञ सभामा मनोनयन हुने सदस्यको नियुक्ति वा मनोनयनको लागि मुख्यमन्त्री समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) सामाजिक विकास मन्त्री – अध्यक्ष

(ख) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट मुख्यमन्त्रीले तोकेका दुईजना – सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले प्राज्ञ सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विधामा अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भएसम्म सबै विधाबाट प्रतिनिधित्व हुने र सवै जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी नाम सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले पदाधिकारीको नियुक्तिको लागि नाम सिफारिस गर्दा प्राज्ञ सभाका मनोनीत सदस्यहरु मध्येबाट गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले कुलपति वा उपकुलपति मध्ये एकजना महिला हुने गरी नाम सिफारिश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले नाम सिफारिस गर्ने सम्बन्धमा अवलम्बन गर्ने कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

८. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. प्राज्ञ सभाको काम, कर्तव्य र अधिकारः- प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रज्ञा प्रतिष्ठानको वार्षिक नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत्‌वृत्ती, सम्मान तथा पुरस्कारको अनुमोदन गर्ने,

(ग) प्राज्ञ परिषद्‌लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) प्राज्ञ परिषद्‌का कामको अनुगमन मुल्याङ्कन गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको कामका निम्ति आवश्यकतानुसार विभागहरुको गठन गर्ने,

(च) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याएका प्रादेशिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत्‌वृत्ती, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

(ज) दफा ५ मा उल्लेख भए बमोजिमका काम गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने ।"

९. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) प्राज्ञ सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक, मानार्थ प्राज्ञ र आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

१०. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रतिष्ठानको कार्यकारी निकायका रुपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्राज्ञ परिषद्‌को गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कुलपति | - अध्यक्ष |
| (ख) | उपकुलपति | - उपाध्यक्ष |
| (ग) | प्राज्ञ सभाका मनोनित सदस्यहरु मध्येबाट समानुपातिक समावेशितालाई ध्यानमा राखी कम्तिमा एकजना महिला सहित मुख्यमन्त्रीले मनोनीत गरेका तीन जना | - सदस्य" |

(३) उपदफा (३), (४) र (५) को सट्टा देहायको उपदफा (३), (४), (५), (६) र ७ राखिएका छन्:-

"(३) प्राज्ञ सभाको सदस्य-सचिवले प्राज्ञ परिषद्‌को सदस्य-सचिव भई काम गर्नेछ ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिमका मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(५) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका मनोनीत सदस्यको पद रिक्त भएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनीत भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनीत गर्नु पर्नेछ।

(६) परिषद्को बैठकमा उपस्थित भई भाग लिए वापत परिषद्का सदस्यहरूलाई तोकिएबमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(७) परिषद्का पदाधिकारीहरुको नियुक्ति एउटै पदमा दुई कार्यकाल भन्दा बढी हुने छैन ।"

११. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकारः प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) प्राज्ञ सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सदस्य-सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि प्राज्ञ सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाट्यशालाको निर्माण गर्ने,

(झ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्राज्ञ सभामा पेश गर्ने,

(ञ) परिषद्को काम कारवाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने ।"

१२. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (५) मा रहेको "सहकुलपति" भन्ने शब्दको सट्टा "उपाध्यक्ष" भन्ने शब्द राखिएको छ ।

१३. **मूल ऐनको दफा १४ ,१५, १६, १७, १८, १९, २०, २१ र २२ मा संशोधनः** मूल ऐनको दफा १४ ,१५, १६, १७, १८, १९, २०, २१ र २२ को सट्टा देहायको दफा १४ ,१५, १६, १७, १८, १९, २०, २१ र २२ राखिएका छन्:-

"१४. प्रमुख संरक्षकः मुख्यमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ ।

१५. संरक्षकः सामाजिक विकास मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ ।

१६. कुलपतिः (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ ।

१७. कुलपतिको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राज्ञ सभा दिएको निर्देशन र प्राज्ञ परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) प्राज्ञ परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघ संस्था तथा नेपाल प्रज्ञा प्रतिष्ठान र अन्य प्रदेश प्रज्ञा प्रतिष्ठानहरुसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम आवश्यक सम्पर्क समन्वय कायम गर्ने,

(च) तोकिए बमोजिमका काम गर्ने।

१८. उपकुलपतिः प्रज्ञा प्रतिष्ठानमा एक उपकुलपति रहनेछ।

१९. उपकुलपतिको काम, कर्तव्य र अधिकारः उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राज्ञ सभा दिएको निर्देशन र प्राज्ञ परिषद्ले गरेका निर्णय कार्यान्वयनमा कुलपतिलाई सहयोग गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ग) कुलपतिको निर्देशनमा अन्य काम गर्ने।

२०. पदाधिकारी सम्बन्धी व्यवस्थाः (१) मुख्यमन्त्रीले यस ऐनको अधीनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ।

(२) पदाधिकारीको पदावधि चार वर्षको हुनेछ।

(३) पदाधिकारीले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछ।

(४) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

२१. पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा पदाधिकारी र प्राज्ञ सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) लिखित राजीनामा दिएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) दफा २२ बमोजिम पदबाट हटेमा,

(ङ) कालोसूचीमा परेमा,

(च) मृत्यु भएमा।

२२. पदबाट हटाउन सक्नेः (१) पदाधिकारी वा सभाका सदस्यलाई देहायको अवस्थामा पदबाट हटाउन सकिनेछः-

(क) आफ्नो पद अनुकूलको आचरण पालना नगरेको,

(ख) इमान्दारीपूर्वक आफ्नो कार्य जिम्मेवारी पूरा नगरेको,

(ग) कार्यक्षमताको अभाव भएको।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु पर्ने अवस्था देखिएमा प्राज्ञ सभाका तत्काल कायम रहेका एक चौथाइ सदस्यले मुख्यमन्त्री समक्ष लिखित निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्न मुख्यमन्त्रीले प्राज्ञ सभाका सदस्यहरू मध्येबाट तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिम गठित समितिले छानबिन गरी मुख्यमन्त्री समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ र मुख्यमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि प्राज्ञ सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन उपर छलफल गरी प्राज्ञ सभामा तत्काल कायम रहेका सदस्यको बहुमतले आफ्नो पद अनुकूलको आचरण पालना नगरेको वा इमान्दारीपूर्वक आफ्नो कार्य जिम्मेवारी पूरा नगरेको वा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा मुख्यमन्त्रीले त्यस्तो पदाधिकारी वा प्राज्ञ सभाका सदस्यलाई निजको पदबाट हटाउनेछ ।

(६) उपदफा (५) बमोजिम पदाधिकारी वा प्राज्ञ सभाका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइको मौका दिनु पर्नेछ।

(७) यस दफा बमोजिमको कारवाही पुरा नभएसम्म उपदफा (१) बमोजिमको आरोप लागेको पदाधिकारी वा प्राज्ञ सभाको सदस्यले प्रज्ञा प्रतिष्ठानको कुनै पनि कामकारवाहीमा भाग लिन पाउने छैन ।

२३. कर्मचारी सम्बन्धी व्यवस्थाः (१) प्रतिष्ठानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमका कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।"

१४. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को उपदफा (४) को सट्टा देहायका उपदफा (४) राखिएको छः-

"(४) कोषको रकम प्रतिष्ठानले तोकेको सरकारी स्वामित्वको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।"

१५. **मूल ऐनको दफा २६ मा संशोधनः** मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) र उपदफा (२) मा रहेको "भाषा, साहित्य, कला, संस्कृति, दर्शन समाजशास्त्र" भन्ने शब्दहरुको सट्टा " भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत" भन्ने शब्दहरु राखिएका छन ।

(२) उपदफा (४) हटाईएको छ ।

१६. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२९. विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार प्रदान गर्नसक्नेः "प्राज्ञ सभाले भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको विधामा उल्लेखनिय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार प्रदान गर्नसक्नेछ ।"

१७. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. शपथः आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले मुख्यमन्त्री समक्ष र उपकुलपति, प्राज्ञ सभाका सदस्यले कुलपतिसमक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"

१८. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

“३०. अधिकार प्रत्यायोजनः (१) प्राज्ञ सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार प्राज्ञ परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञ परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार कुलपति, उपकुलपति वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार उपकुलपति वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(४) उपकुलपतिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केहि अधिकार सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१९. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ:-

“३३. नियम, कार्यविधि र मापदण्ड बनाउन सक्नेः (१) यो ऐन कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियम, कार्यविधि र मापदण्डहरू बनाउन सक्नेछ।

तर आर्थिक व्ययभार पर्ने कुराहरूको सम्बन्धमा मन्त्रालयमार्फत आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

१९. रुपान्तरः मूल ऐनमा विभिन्न दफा/उपदफा/खण्डहरुमा रहेका “सभा”, “परिषद्”, “प्रतिष्ठान” र “सामाजिक विकास मन्त्रालय” भन्ने शब्दहरुको सट्टा “प्राज्ञ सभा”, “प्राज्ञ परिषद्”, “प्रज्ञा प्रतिष्ठान” र “मन्त्रालय” भन्ने शब्दहरु राखिएको छ।

## अनुसूची
(दफा २९ सँग सम्बन्धित)
### पद तथा गोपनीयताको शपथको ढाँचा

म ............................................ नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफदार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि.........................पदको जिम्मेवारी प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीकासाथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

दस्तखतः ……………………..
नाम र थर: ………………..
पद: …………………………..
मितिः ……………………

## अनुसूची –२
## समितिका हालसम्मका सम्पूर्ण बैठकहरुको निर्णय

| वैठक संख्या | मिति | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | २०८०।०२।१४ | निर्णय १<br>सुदूपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (२) बमोजिम सामाजिक विकास समितिको सभापतिको निर्वाचन नभएको अवस्थामा यस समितिमा मनोनयन हुनूभएका माननीय सदस्यहरु मध्ये सबैभन्दा जेष्ठ सदस्य माननीय शिवराज भट्टलाई अर्को व्यवस्था नभएसम्मका लागि जेष्ठ सदस्यमा चयन गर्ने र निजकै सभापतित्वमा समितिका बैठकहरु संचालन गर्ने निर्णय गरियो।<br>निर्णय २<br>सामाजिक विकास समितिमा मनोनयन भै आउनु भएका माननीय सदस्यज्यूहरुका बिचमा परिचयात्मक कार्यक्रम गरि समितिको कार्यक्षेत्रका विषयमा जानकारी लिनुभई समितिमा मनोनयन सदस्यज्यूहरुको कार्यकालमा समितिका गतिविधिहरु प्रभावकारी र पारदर्शी हुन भनि शुभकामना दिने निर्णय गरियो।<br>निर्णय ३<br>सामाजिक विकास समितिको कार्यविधि, २०७५ लाई अध्ययन पश्चात समितिका आगामी बैठकमा छलफल गर्ने प्रयोजनका लागि समितिका माननीय सदस्यज्यूहरुलाई वितरण गरियो।<br>निर्णय ४<br>यस समितिको कार्यक्षेत्र भित्र पर्ने तपशिलमा उल्लेखित मन्त्रालयका माननीय मन्त्री र सचिवलाई सम्बन्धित मन्त्रालयको चालु आर्थिक वर्षमा संचालित कार्यक्रम कार्यान्वयनको अवस्था प्रष्ट पार्ने गरी हालसम्मको प्रगति विवरण र आर्थिक वर्ष २०८०।०८१ को बजेटमा के कस्ता नीति तथा कार्यक्रम समावेश गर्न प्रस्ताव गरिएका योजना सहितको विवरण तयार गरी देहाय बमोजिमको मिति, समयमा बस्ने समितिको आगामी बैठकहरुमा आमन्त्रणा गर्ने निर्णय गरियो।<br>तपशिलः-<br>सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश<br>मिति २०८०।०२।१८ गते बिहान<br>भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश<br>मिति २०८०।०२।१८ गते बेलुकी |
| २ | २०८०।०२।१८ | निर्णय १<br>यस समितिको कार्यक्षेत्र भित्र पर्ने सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिवसंग सम्बन्धित मन्त्रालयको चालु आर्थिक वर्षमा संचालित कार्यक्रम कार्यान्वयनको हालसम्मको प्रगति विवरण र आर्थिक वर्ष २०८०।०८१ को बजेटमा सामावेश गरिने नीति तथा कार्यक्रममा प्रस्ताव गरिने योजना सहितको विवरणका वारेमा समितिका माननीय |

| | | |
|---|---|---|
| | | सदस्यज्यूहरुका बिचमा छलफल भई चालु वर्षको प्रगति र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रस्तावित गरिने योजनाहरुका बारे आवश्यक सल्लाह र सुझाव दिने कार्य गरियो । |
| ३ | २०८०।०२।१८-२ | निर्णय १<br>यस समितिको कार्यक्षेत्र भित्र पर्ने भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिवसंग सम्बन्धित मन्त्रालयको चालु आर्थिक वर्षमा संचालित कार्यक्रम कार्यान्वयनको हालसम्मको प्रगति विवरण र आर्थिक वर्ष २०८०।०८१ को बजेटमा सामावेश गरिने नीति तथा कार्यक्रममा प्रस्ताव गरिने योजना सहितको विवरणका वारेमा समितिका माननीय सदस्यज्यूहरुका बिचमा छलफल भई चालु वर्षको प्रगति र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रस्तावित गरिने योजनाहरुका बारे आवश्यक सल्लाह र सुझाव दिने कार्य गरियो । |
| ४ | २०८०।०२।३१ | निर्णय १<br>सामाजिक विकास समितिका लागि विनियोजित बजेटमा उल्लेखित कार्यक्रम सञ्चालन गर्नाका लागि चालु आ.व.२०७९।०८० को स्विकृत बजेट तथा कार्यक्रम मध्ये प्रदेश सभा (ब.उ.शि.नं.२०२०००११३ ) को खर्च शिर्षक २२५२२ खर्च संकेत २.७.५.१० अन्तर प्रदेश भ्रमण ( सामाजिक विकास समिति ) मा विनियोजित रकम अपुग हुने भएको र सोहि खर्च शिर्षक भित्रकै खर्च संकेत २.७.५.२२ विधेयक उपर राय सुझाव संकलन ( सामाजिक विकास समिति ) मा विनियोजित रकम रु.१० लाख यस वर्ष खर्च नहुने भएकोले आवश्यक प्रक्रिया पुरा गरि समितिलाई उक्त खर्च संकेत २.७.५.२२ मा भएको रकम खर्च संकेत २.७.५.१० मा रकमान्तर गरी बजेट उपलब्ध गराउनका लागि प्रदेश सभा सचिवालयलाई लेखि पठाउने निर्णय गरियो ।<br>निर्णय २<br>सामाजिक विकास समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय अन्तरगतका निकायहरुबाट सुदूरपश्चिम प्रदेशका कैलाली, कंञ्चनपुर, डोटी, डडेल्धुरा र बैतडी जिल्लामा आर्थिक वर्ष २०७९।०८० सालमा सम्पन्न भएका वा संचालनको अवस्थामा रहेका केही मुख्य योजनाहरुको आर्थिक र भौतिक प्रगति विवरण तिन दिन भित्र प्राप्त हुने गरि माग गर्ने निर्णय गरियो । |
| ५ | २०८०।०३।०४ | निर्णय १<br>सामाजिक विकास समितिबाट मिति२०८०।०३।०६ गते देखि मिति २०८०।०३।१२ गतेसम्म स्थलगत अनुगमन र अवलोकन भ्रमण गर्ने तपशिल बमोजिमको कार्यक्रम रहेकोले उक्त भ्रमण कार्यक्रम तयारीका लागि समितिमा छलफल भई आर्थिक लगायत व्यवस्थापकिय पक्ष कार्यान्वयनका लागि प्रदेश सभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>भ्रमण कार्यक्रम मिति २०८०।०३।०६ देखि २०८०।०३।१२ गतेसम्मको तालिका<br>पहिलो दिनः-मिति २०८०।०३।०६गते कैलाली देखि डडेल्धुरा |

<table>
<tr><td></td><td></td><td>जिल्लासम्म<br>दोस्रो दिनः- मिति २०८०।०३।०७ गते डडेल्धुरा जिल्लामा शिक्षा, स्वास्थ्य र कृषि अनुदान वितरण सम्बन्धी कार्यको अनुगमन र अवलोकन गर्ने र बेलुका बैतडी बास बस्ने<br>तेस्रो दिनः- मिति २०८०।०३।०८ गते बैतडीमा शिक्षा, स्वास्थ्य र कृषि अनुदान आदी कार्यको अवलोकन र अनुगमन गर्ने<br>चौथो दिनः- मिति २०८०।०३।०९ गते बैतडीबाट दार्चुला सदरमुकामसम्म<br>पाँचौं दिनः मिति २०८०।०३।१० गते दार्चुलामा शिक्षा, स्वास्थ्य र कृषि अनुदान आदी कार्यको अवलोकन र अनुगमन गर्ने<br>छटौं र सातौ दिनः- मिति २०८०।०३।११ दार्चुलाको गोकुलेश्वरमा अनुगमन गर्दै मिति २०८०।०३।१२ गते कैलालीको धनगढी फिर्ता<br><u>भ्रमण कार्यक्रममा सहभागी माननीय सदस्यज्यूहरु र कर्मचारीहरुको विवरण</u>
<table>
<tr><th>क्र. सं.</th><th>समितिका पदाधिकारीहरु</th></tr>
<tr><td>१</td><td>माननीय कैलास चौधरी - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td>२</td><td>माननीय जानकी देवी कुँवर - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td>३</td><td>माननीय तुलसी देवकोटा - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td>४</td><td>माननीय प्रकाश वहादुर वम - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td>५</td><td>माननीय माया पन्त - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td>६</td><td>माननीय सरस्वति खड्का - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td>७</td><td>माननीय शिवराज भट्ट - सामाजिक विकास समिति सदस्य</td></tr>
<tr><td colspan="2">कर्मचारी</td></tr>
<tr><td>८</td><td>शाखा अधिकृत श्री नरेन्द्र वहादुर पाल</td></tr>
<tr><td>९</td><td>माइक संचालक श्री तिलक प्रसाद देवकोटा</td></tr>
<tr><td>१०</td><td>सवारी चालक श्री</td></tr>
<tr><td>११</td><td>सवारी चालक श्री</td></tr>
</table></td></tr>
<tr><td>६</td><td>२०८०।०५।१९</td><td><u>निर्णय १</u><br>सामाजिक विकास समितिको कार्यक्षेत्र भित्र पर्ने सामाजिक विकास मन्त्रालय र भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आ.व. ०७९/०८० मा सम्पन्न भएका वा सञ्चालनको अवस्थामा रहेका कार्यक्रमहरुको आर्थिक र भौतिक सहितको बार्षिक प्रगति विवरण सात दिनभित्र प्राप्त हुने गरी माग गर्ने निर्णय गरियो।<br><u>निर्णय २</u><br>समितिको अर्को बैठक मिति २०८० साल भाद्र महिनाको २४ गते दिनको १ बजे बस्ने गरी आजको बैठक स्थगित गरिएको घोषणा गर्नुभयो।</td></tr>
<tr><td>७</td><td>२०८०।०५।२४</td><td><u>निर्णय १</u><br>सरकारी र नीजि अस्पतालहरुको दैनिक रुपमा सञ्चालन गरी आएका सेवा प्रवाहको नियमन सम्बन्धमा केही कुरा बुझ्नका लागि सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिव, अस्पतालका मे.सु. र अध्यक्ष</td></tr>
</table>

| | | |
|---|---|---|
| | | सहितको उप्सथितिमा समितिको बैठक आयोजना गर्ने कार्यका लागि समितिका सभापतिज्युले समन्वय गरी पछि मिति र स्थानका सम्बन्धमा समितिका सदस्यहरुलाई जानकारी गराउने गरी निर्णय गरियो । |
| ८ | २०८०।०६।०४ | निर्णय १<br>सामाजिक विकास समितिको आजको बैठकमा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री झपट सिंह साउदको उपस्थितिमा सेती प्रादेशिक अस्पतालका अध्यक्ष, मे.सु. र समितिका पदाधिकारीहरुको बीचमा सेती प्रादेशिक अस्पतालबाट प्रदान गरिने सेवा सुविधा, शुल्क, भौतिक साधन र मानव जनशक्ति लगायतका विविध विषयमा प्राप्त जनगुनासाहरु माथि छलफल गरी सेती प्रादेशिक अस्पतालबाट प्रदान गरिने सेवा र लिने शुल्क अन्तर्गत ओपिडि, राजश्व, टिकट काउण्टर, एक्सरे, भिडियो एक्सरे, सिटिस्क्यान, ल्याव, सरसफाई आदि व्यवस्थापन सम्बन्धी कार्य यथाशिघ्र बढाई दुई तिन महिनाभित्र नै केही परिवर्तन देखिने गरी कार्यान्वयनमा लैजान र मन्त्रालयबाट अस्पतालको स्तरोन्नति, भौतिक पुर्वाधार, दरवन्दी स्विकृतीका लागि, जनशक्ति व्यवस्थापन, निर्मित भवनको कार्यसम्पन्न गराई हस्तान्तरण प्रक्रिया लगायतका कार्यहरु सम्पन्न गराउनका लागि सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो । |
| ९ | २०८०।०६।१४ | निर्णय १<br>प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले हाललाई टेण्डर प्रक्रियाका सम्बन्धमा बुझ्नका लागि केही समय उक्त खरिद प्रक्रिया स्थगित गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>निर्णय २<br>प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 का आवश्यक सम्पुर्ण कागजातहरु मिति २०८०।०६।१७ गते विहान ११:०० बजे भित्र सामाजिक विकास समितिमा प्राप्त हुने गरी उपलब्ध गराउने व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>गेटा मेडिकल कलेजका बायोमेडिकल इन्जिनियर श्री हरेन्द्र चटौतलाई समितिको मिति २०८०।०६।१७ गते दिउँसो २:०० बजे बस्ने बैठकमा बोलाउन पत्राचार गर्ने निर्णय गरियो ।<br>निर्णय ४<br>मिति २०८०।०६।१८ गते महाकाली प्रादेशिक अस्पताल, मिति २०८०।०६।१९ गते सेती प्रादेशिक अस्पताल धनगढी र मिति २०८०।०६।२१ गते टिकापुर अस्पताल सामाजिक विकास समितिबाट अनुगमन गर्न आवश्यक प्रक्रिया मिलाउन समिति सचिवालयलाई निर्देशन |

| | | |
|---|---|---|
| | | दिने निर्णय गरियो। |
| १० | २०८०।०६।१७ | निर्णय १<br>मिति २०८०।०६।१४ गते बसेको समितिको बैठकबाट प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले हाललाई टेण्डर प्रक्रियाका सम्बन्धमा बुझ्नका लागि केही समय उक्त खरिद प्रक्रिया स्थगित गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय भएकोमा उक्त टेण्डर प्रक्रिया स्थगित नगरी १० दिन समयावधि थप गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।<br>निर्णय २<br>मिति २०८०।०६।२४ गते बस्ने समितिको बैठकमा विषयविज्ञलाई आमन्त्रण गर्ने र सो को सूचना समितिका पदाधिकारीहरुलाई जानकारी गराउने निर्णय गरियो। |
| ११ | २०८०।०६।२४ | निर्णय १<br>प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढी, कैलालीबाट स्वास्थ्य संस्थाहरुका लागि प्रयोगशाला उपकरण खरिद सम्बन्धीको IPF NO:PHLMCSP/G/NCB-2.1/2080-2081, IPF NO:PHLMCSP/G/NCB-2.2/2080-2081र IPF NO:PHLMCSP/G/NCB-2.3/2080-2081 का तीन वटै प्याकेजहरु प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीको मिति २०८०।०६।२१ गतेको निर्णयानुसार रद्द गरिएको व्यहोराको पत्र प्राप्त हुन आएको हुँदा रद्द गर्नुपर्ने बुँदाहरु माथि समितिमा छलफल भई तपशिलका बुँदाहरु माथि प्रष्ट खुलाई समितिको मिति २०८०।०६।२९ गते दिउसो १:०० बजे बस्ने बैठकमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीका प्रमुख सहित उपस्थित गराइदिन हुन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।<br>तपसिल<br>● मिति २०८०।०६।१७ को च.नं.३२ को पत्रानुसार यस केन्द्रको खरिद क्रियाकलापको कार्यान्वयन निर्देशिका (PIM) र खरिदको गुरुयोजना (MPP)स्वीकृतिका लागि सामाजिक विकास मन्त्रालय पठाइएकोमा हालसम्म उक्त कागजातहरु स्वीकृत भई प्राप्त नभएको हुँदा हुँदै के कति कारणले बोलपत्र आह्वान गरिएको हो ?<br>● उल्लेखित बोलपत्र उपर विभिन्न सार्वजनिक निकायमा उजुरी परेको तथा सो विषयमा केहि पत्रपत्रिकाले सामाचार समेत सम्प्रेषण गरेकोले बोलपत्रका ३ वटै प्याकेज अन्तर्गत खरिदका लागि छनौट गरिएका औजार उपकरणहरुको मातहतका निकायबाट यस केन्द्रमा मौखिक (फोन मार्फत) माग गरेको भएतापनि बोलपत्रमा उल्लेखित संख्याका लागि माग संकलन र प्राप्त भै नसकेको। साथै सामग्री |

| | | | |
|---|---|---|---|
| | | | खरिद भई प्राप्त भए पश्चात सामग्रीको प्रकृति र संवेदनशीलता अनुसार सामाग्री धेरै भएकोले यस केन्द्रको भण्डार कक्षमा प्रयाप्त नभएकोले लामो समय भण्डार गरि राख्नु पर्दा भण्डारणमा समस्या भै सामाग्रीको भौतिक क्षति हुन सक्ने अवस्था सृजना भएको सम्बन्धमा मातहतका निकायहरुबाट लिखित रुपमा माग संकलन नगरी र भण्डारणको व्यवस्था प्रयाप्त नहुदा नहुदै के कति कारणले बोलपत्र आह्वान किन गरिएको हो ?<br>● प्रि-विड मिटीङ पश्चात मिति २०८०/०६/१४ मा उजुरी परेको देखिएको, प्रदेश सभा, सामाजिक विकास समितिबाट तालुक मन्त्रालय मार्फत बोलपत्र स्थगित गर्न निर्देशन प्राप्त भएको र मिति २०८०।०६।१७ गते बसेको सामाजिक विकास समितिको बैठकको निर्णयानुसार बोलपत्र स्थगित नगरि १० दिनका लागि म्याद थप गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिइएकोमा मन्त्रालयबाट मिति २०८०।०६।१७ गतेको पत्रबाट निर्देशन दिइएकोमा उक्त बोलपत्र के कति कारणले रद्द गरिएको हो ?<br>● सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार खरिद योजना तयार गर्नुपर्नेमा खरिद योजना तयार नगरी बोलपत्र आह्वान किन गरिएको ?<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को उपनियम (१) बमोजिम सार्वजनिक निकायले १ वर्ष भन्दा बढी अवधिसम्म संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा के कति कारणले खरिद गुरुयोजना तयार नगरिएको हो ?<br>● लागत अनुमान तयारी र प्याकेज प्रतिस्पर्धा हुने गरि के कति कारणले नभएको हो ?<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ बमोजिम खरिद कारवाहीको तयारी गर्नुपर्नेमा सो अनुसार के कति कारणले तयारी नगरिएको हो ?<br>निर्णय २<br>प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं.IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2080 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले सामाजिक विकास समितिको मिति २०८०।०६।१४ गते बसेको बैठकको निर्णयानुसार उजुरी सम्बन्धी कागजातहरु अध्ययनका लागि विषय विज्ञ गेटा मेडिकल कलेजका बायोमेडिकल इन्जिनियर श्री हरेन्द्र चटौतलाई समितको मिति २०८०।०६।१७ गतेको बैठकमा बोलाउने निर्णय भएकोमा उक्त बैठकमा उपस्थित भइ उजुरी सम्बन्धी कागजातहरु अध्ययन गर्न दिदा कागजातहरु |

| | | |
|---|---|---|
| | | धेरै भएकोले निर्णय दिन नसकिने भनी जानकारी दिनु भएकोले निजलाई कागजातहरु अध्ययन गरी प्रतिबेदन ५ दिन भित्र समिति समक्ष पेश गर्ने गरी विज्ञले सेवा दिए बापत पाउने सेवा सुविधाको लागि आर्थिक व्यवस्थापन गर्न प्रदेश सभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।<br>निर्णय ३<br>समितिको आगामी बैठक मिति २०८०।०६।२९ गते दिनको १:०० बजे बस्ने गरि उक्त समयसम्मका लागि बैठक स्थगित गरियो। |
| १२ | २०८०।०६।३० | निर्णय १<br>यस समितिबाट मिति २०८०।०६।२४ गते बोलपत्र आह्वान प्रक्रिया सम्बन्धमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढी, कैलालीलाई सोधिएका प्रश्नहरुको जवाफ सहित मिति २०८०।०६।३० गते बसेको यस समितिको बैठकमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीका नि.निर्देशक स्वंय उपस्थित भई दिएको जवाफ चित्त बुझ्दो नभएको र निजले बोलपत्र आह्वान सम्बन्धमा प्रक्रिया कमीकमजोरी भएको स्वीकार गरेको, विज्ञले समितिमा पेश गरेको प्रतिबेदनमा उल्लेखित खरिद प्रक्रिया पुर्‍याइएको नदेखिएको र बोलपत्र आह्वान पक्रिया समेत आपूर्ति केन्द्रबाट रद्द गरिएको हुँदा अब उप्रान्त यस्ता किसिमका क्रियाकलाप नगर्न/नगराउन र खरिद सम्बन्धी कामकारवाही गर्दा प्रचलित ऐन, कानून बमोजिमको रित पुर्‍याइ गर्न गराउन हुन सामाजिक विकास मन्त्रालय र मन्त्रालयले प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीलाई निर्देशन दिने निर्णय गरियो। |
| १३ | २०८०।०८।१७ | निर्णय १<br>सामाजिक विकास समितिको च.नं. १८, मिति २०८०।०८।१२ गतेको पत्रबाट प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीबाट Looking tender specification सम्बन्धमा प्रकाशित बोलपत्र the procurement supply, delivery & installation of integrated hospital waste management system को टेण्डर सम्बन्धमा कागजात उपलब्ध गराउने भनी पत्राचार गरिएकोमा सो सम्बन्धी कुनै पनि प्रतिक्रिया नआएकोले यस समितिको गम्भिर ध्यानाकर्षण भएको छ। सोही सम्बन्धमा यस समितिबाट माग भएबमोजिमका कागजातहरु यही मिति २०८०।०८।१९ गतेभित्र पेश गर्न सामाजिक विकास मन्त्रालयलाई पुनः पत्राचार गर्ने र समितिको अर्को बैठक मिति २०८०।०८।२० गते बुधवारका दिन विहान ९:०० बजे बस्ने निर्णय गरियो। |
| १४ | २०८०।०८।२० | निर्णय १<br>प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशालाका उपकरण खरिद सम्बन्धी Looking tender specification सम्बन्धमा यस समितिमा परेको निवेदनका सम्बन्धमा छलफल हुँदा सो सम्बन्धी समितिमा विषय विशेषज्ञ नभएकोले सम्बन्धित मन्त्रालयलाई पत्राचार गरी सोहि टेण्डरका विषयमा विषय विशेषज्ञ राखि सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ सार्वजनिक खरिद |

| | | |
|---|---|---|
| | | सम्बन्धी प्रदेश नियमावली, २०७६ अनुसार काम कारवाही भएको छ/छैन, ई-विडिङ्ग सम्बन्धीका सम्पुर्ण प्रक्रिया पुरा भएको छ/छैन, तथा प्रमाण ऐन, २०३१ बमोजिम आवश्यक कागजात एवं रीत पुगेको छ/छैन छानविन गरी यस समितिलाई समेत शिघ्र जानकारी हुने गरी कार्वाही अगाडी बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।<br>निर्णय २<br>सामाजिक विकास समितिका माननीय सदस्यज्युहरु र समितिका कर्मचारीले यही मिति २०८०।०८।२५, २६ गतेका दिन कैलाली जिल्लाको सेती प्रादेशिक अस्पताल र टिकापुर अस्पताल, कञ्चनपुर जिल्लाको महाकालि प्रादेशिक अस्पताल समेतका विभिन्न स्वास्थ्यसंस्थाहरुको अनुगमन गर्ने निर्णय गरियो। |
| १५ | २०८०।०९।०४ | निर्णय १<br>सामाजिक विकास समितिको मिति २०८०।०८।२० गते बसेको बैठकको निर्णय नं. १ मा अन्यथा व्यहोरा उल्लेख हुन गएकोले देहाय बमोजिम गर्ने पुनः निर्णय गरियो-<br>प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीबाट The procurement supply, delivery & installation of integrated hospital waste management system को बोलपत्र सम्बन्धी कागजातमा प्रयोग गरिएको tender specification का विषयमा समितिमा परेको उजुरीको सम्बन्धमा समितिमा छलफल हुँदा उक्त विषय सम्बन्धी समितिमा विषय विज्ञ नभएकोले सम्बन्धित मन्त्रालयलाई पत्राचार गरी सोहि टेण्डरका विषयमा विषय विज्ञ राखि सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ अनुसार काम कारवाही भएको छ/छैन? E-Bidding सम्बन्धीका सम्पुर्ण प्रक्रिया पुरा भएको छ/छैन? तथा प्रमाण ऐन, २०३१ बमोजिम आवश्यक कागजात एवं रीत पुगेको छ/छैन? छानविन गरी यस समितिलाई समेत शिघ्र जानकारी हुने गरी कारवाही अगाडी बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।<br>निर्णय २<br>सेती प्रादेशिक अस्पताल धनगढी, कैलालीमा यस समितिबाट मिति २०८० साल पौष ५ गते दिनको ११:०० बजे अनुगमन गर्ने निर्णय गरियो।<br>निर्णय ३<br>समितिको अर्को बैठक मिति २०८० साल पौष ५ गते दिनको ३:०० बजे बस्ने निर्णय गरियो। |
| १६ | २०८०।०९।०५ | निर्णय १<br>यस समितिबाट मिति २०८०।०८।२५, २६ र २७ गते तथा २०८०।०९।२५ गते गरिएको अनुगमन भ्रमणको समिक्षा र उक्त अनुगमन भ्रमणको प्रतिवेदन तयारी सम्बन्धमा छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो। |

| | | |
|---|---|---|
| | | निर्णय २<br>समितिको अर्को बैठक मिति २०८० साल पौष ८ गते दिनको १:०० बजे बस्ने निर्णय गरियो। |
| १७ | २०८०।०९।०८ | निर्णय १<br>यस समितिबाट मिति २०८०।०८।२५, २६, २७ र मिति २०८०।०९।०५ गतेका दिन सुदूरपश्चिम प्रदेशका कञ्चनपुर र कैलाली जिल्लाका प्रादेशिक अस्पताल, अस्पताल र स्वास्थ्य संस्थाहरुमा गरिएको अनुगमन पश्चात तयार पारिएको प्रतिबेदन माथि समितिमा छलफल भई उक्त प्रतिबेदन सर्वसम्मतीले पारित गरी आवश्यक कारवाही र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने र जानकारीका लागि अनुगमन गरिएका सवै स्वास्थ्य संस्थाहरुलाई समेत प्रतिबेदनको प्रतिलिपि पठाउने निर्णय गरियो।<br>निर्णय २<br>यस समितिको आगामी बैठक मिति २०८०।०९।१३ गते शुक्रबार दिउसो १२:०० बजे बस्ने निर्णय गरियो र उक्त बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गरेका काम कारवाहीको प्रगति सम्बन्धमा छलफल गर्नका लागि माननीय मन्त्री, माननीय राज्यमन्त्री र सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो। |
| १८ | २०८०।०९।१३ | निर्णय १<br>आज मिति २०८०।०९।१३ गते बसेको यस समितिको बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका  माननीय मन्त्री, माननीय राज्यमन्त्री र सचिव सहित समितिका पदाधिकारीज्यूहरुको उपस्थितिमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट गत आ.व. र यस आ.व.हरुमा सञ्चालित कार्यक्रम, मन्त्रालयको आगामी नीति तथा कार्यक्रमहरुको बारेमा छलफल भई समस्या र समाधानका उपायहरुका बारेमा जानकारी लिईयो।<br>निर्णय २<br>राष्ट्रिय अटिजम केयर सेन्टर सोसाईटी नेपाल धनगढी, कैलालीको च.नं. १०७, मिति २०८०।०९।०६ गतेको अनुगमन गरिदिने बारेको प्राप्त पत्रानुसार यस समितिबाट उक्त संस्थामा गई स्थलगत अनुगमन गरियो। |
| १९ | २०८०।०९।२५ | निर्णय १<br>सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (१) बमोजिम माननीय सभामुखज्यूले मिति २०८० पौष २५ गते यस समितिको सभापति पदको निर्वाचन हुने गरी मिति तोक्नु भए बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (३) बमोजिम दर्ता भएको एक मात्र प्रस्तावको प्रस्तावक माननीय प्रकाश बहादुर वम र समर्थक माननीय तुलसी देवकोटा भएको "माननीय माया पन्तलाई सामाजिक विकास समितिको सभापति पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई समितिको वैठकमा प्रस्तुत गर्दा माननीय माया पन्त सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गरियो। |

| | | |
|---|---|---|
| | | निर्णय २<br>यस समितिमा माननीय माया पन्त सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएकोले सो को जानकारी माननीय सभामुखज्यूलाई जानकारी गराउने निर्णय गरियो।<br>निर्णय ३<br>समितिको अर्को वैठक आजै दिनको ३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि समितिको आजको बैठक स्थगित भयो। |
| २० | २०८०।०९।२५-२ | निर्णय १<br>सामाजिक विकास समितिको सभापति पदमा माननीय माया पन्तज्यू निर्विरोध निर्वाचित भई सभापति पदको शपथ ग्रहण समेत भएकोले उँहालाई यस समितिका माननीय सदस्यज्यूहरु र समिति सचिवालयका तर्फबाट बधाई दिदै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो।<br>निर्णय २<br>सुदूरपश्चिम प्रदेश सभाको मिति २०८०।०२।०६ गते सामाजिक विकास समितिको गठन पश्चात समितिका जेष्ठ सदस्यको हैसियतले माननीय शिवराज भट्टज्यूले यस समितिको मिति २०८०।०२।१७ गते बसेको पहिलो बैठक प्रारम्भ गरी मिति २०८०।०२।३१ गते सम्म जम्मा ४ वटा बैठक प्रभावकारी रुपमा संचालन गरेको र त्यसपछि यसै समितिका जेष्ठ सदस्य माननीय हिरा सार्कीज्यूले मिति २०८०।०३।०४ गते देखि हालसम्म समितिका विभिन्न काम कारवाहीहरु प्रभावकारी रुपमा सम्पन्न गर्दै आज सम्म बैठक संचालन गर्नु भएकोमा माननीय शिवराज भट्टज्यू र माननीय हिरा सिंह सार्कीज्यूद्वयलाई समितिको तर्फबाट धन्यवाद दिने निर्णय गरियो। |
| २१ | २०८०।१०।०८ | निर्णय १<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयर अन्तरगतका कार्यालयहरुबाट प्रदान गरिने कृषि सम्बन्धी अनुदान वितरणमा व्यापक अनियमितता भएको भनी यस समितिमा निबेदन प्राप्त भएकोले उक्त अनुदान वितरण कार्यक्रमहरु हाललाई स्थगित गरी अनुदान वितरणका लागि प्राप्त निबेदनहरु र आर्थिक वर्ष २०८०/०८१ मा वितरण गरिएका अनुदानको सूची मिति २०८०।१०।०९ गते कार्यालय समय भित्र यस समितिमा पठाईदिन भनी भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।<br>निर्णय २<br>सामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रदेश स्वास्थ्य आपूर्त व्यवस्थापन केन्द्र धनगढीको The Procurement Supply and Installation of Integrated Hospital Waste Management System र The Procurement of laboratory equipment (Package-1) सम्बन्धमा छानविन प्रतिबेदन समितिका माननीय सदस्यज्यूहरुलाई अध्ययन गर्ने प्रयोजनका लागि वितरण गरियो।<br>निर्णय ३<br>सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री, सामाजिक विकास मन्त्री र सामाजिक विकास मन्त्रालयका सचिवलाई कैलाली र कंचनपुर |

| | | |
|---|---|---|
| | | जिल्लास्थित प्रादेशिक अस्पताल, अस्पताल र स्वास्थ्य संस्थाहरुमा यस समितिबाट गरिएको स्थलगत अनुगमन भ्रमण प्रतिबेदन माथि छलफल गर्नका लागि समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।<br>निर्णय ४<br>समितिको अर्को बैठक मिति २०८०।१०।१० गते विहान ११:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि आजको बैठक स्थगित गरियो । |
| २२ | २०८०।१०।१० | निर्णय १<br>यस समितिबाट मिति २०८०।०८।२५, २६, २७ र मिति २०८०।०९।०५ गते कैलाली र कंचनपुर जिल्लास्थित प्रादेशिक अस्पताल, अस्पताल र स्वास्थ्य संस्थाहरुमा गरिएको स्थलगत अनुगमन भ्रमण पश्चात तयार पारिएको प्रतिबेदन माथि अध्ययन गरियो ।<br>निर्णय २<br>यस समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्रीज्यू, माननीय सामाजिक विकास मन्त्रीज्यू र सामाजिक विकास मन्त्रालयका सचिवलाई आमन्त्रण गरिएकोमा उहाँहरुको उपस्थिति नभएकोले समितिको आगामी बैठकमा पुन: आमन्त्रण गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>समितिको आगामी बैठक अर्को सूचना जारी नभएसम्मका लागि आजको बैठक स्थगित गरियो । |
| २३ | २०८०।१०।१२ | निर्णय १<br>मिति २०८०।०८।२५, २६, २७ र ऐ.९/०५ गते विभिन्न स्वास्थ्य क्षेत्रका प्रादेशिक अस्पताल र स्वास्थ्य केन्द्रहरुको स्थलगत अध्ययन अवलोकन गरी तयार गरिएको प्रतिबेदन आज यस समितिको २३औं बैठकमा माननीय मुख्यमन्त्रीज्यू र माननीय सामाजिक विकास मन्त्रीज्यूलाई प्रदेश सरकार र मन्त्रालयसँग सम्बन्धित विविध विषयमा प्राप्त भएका समस्याका विषयमा कसरी समाधान गर्ने भन्ने विषयमा व्यापक छलफल गरी प्रतिबेदन बुझाउने कार्य सम्पन्न गरियो ।<br>निर्णय २<br>मिति २०८०।१०।०८ गते कृषि अनुदान वितरणमा अनियमितता भयो भनी परेको निबेदनका सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रमा वितरण गर्ने अनुदान प्रक्रियामा अनियमितता भएको निबेदन सामाजिक विकास समितिमा परेको र सोका आधारमा सामाजिक विकास समितिले बैठकमा सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूलाई बोलाई अनुदान प्रक्रियालाई विधिसम्मत र पारदर्शी बनाउन समितिको तर्फबाट निर्देशन दिने कार्य गरियो । साथै यस अघि स्थगित गर्न भनिएका कृषि क्षेत्रमा वितरण गरिने अनुदान प्रक्रियामा अनियमितता नहुने गरी आवश्यक मापदण्ड पुग्ने, विधि सम्मत र पारदर्शी तरिकाबाट वास्तविक लक्षित वर्गसँग पुग्ने गरी अनुदान वितरणको प्रक्रियालाई अगाडी बढाउन प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| २४ | २०८०।१०।२५ | निर्णय १<br>यस समितिको आज बसेको बैठकमा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको उपस्थितिमा मन्त्रालयका सचिव, प्रदेश स्वास्थ्य व्यवस्थापन आपूर्ति केन्द्रधनगढीका निर्देशक, बायोमेडिकल ईन्जिनयर र समितिका माननीय सदस्यज्यूहरुको बीच प्रदेश स्वास्थ्य व्यवस्थापन आपूर्ति केन्द्रबाट The Procurement Supplydelivery and Installation of Integrated Hospital Waste Management System को बोलपत्र सम्बन्धिको कागजातमा प्रयोग गरिएको टेण्डर स्फेसिफिकेसनका विषयमा परेको उजुरी सम्बन्धमा यस समितिबाट मिति २०८०।०९।०४ गते सामाजिक विकास मन्त्रालयलाई उजुरी सम्बन्धमा छानविन गरी समितिलाई जानकारी दिने भनी निर्देशन गरिएकोमा सामाजिक विकास मन्त्रालयबाट छानविन गरी पठाइएको प्रतिबेदन माथि छलफल गरियो र सो प्रतिबेदन माथि गहन अध्ययन गर्नुपर्ने भएकोले अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गर्ने निर्णय गरियो। |
| २५ | २०८०।११।०८ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५६ को उपनियम (१) बमोजिमको गणपुरक संख्या नपुगेकोले उपनियम(१) बमोजिम अर्को सुचना नभएसम्मका लागि आजको बैठक स्थगित भयो। |
| २६ | २०८०।११।१३ | निर्णय १<br>प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट बाट IFB No:PHLMCSP/G/NCB-04, Procurement Supply, Delivery & Installation of integrated Hospital waste Management system को Tender Specification खरिद सम्बन्धमा परेको उजुरी माथि छानवीन गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट बायोमेडिकल इन्जिनियर माग गर्ने निर्णय गरियो।<br>निर्णय २<br>प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट स्वास्थ्य सामाग्री खरिद सम्बन्धमा पटक पटक विवाद भएको र IFB No:PHLMCSP/G/NCB-04, Procurement Supply, Delivery & Installation of integrated Hospital waste Management system को Tender Specification खरिद प्रक्रिया माथि यस समितिमा छानवीन भैरहेकोले छानवीन प्रक्रिया सम्पन्न नभएसम्मका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख श्री निरज अर्याललाई जिम्मेवारीबाट मुक्त गरी सो को जानकारी यस समितिलाई दिन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।<br>फरक मत<br>प्रदेश स्वास्थ्य आपूर्त व्यवस्थापन केन्द्र धनगढीबाट IFBNo:PHLMCSP/G/NCB-04/2080-081, Procurement Supply, Delivery & Installation of integrated Hospital waste |

| | | |
|---|---|---|
| | | Management system कोटेण्डर खरिदका सम्बन्धमा समितिको मिति २०८०।०९।०४ को बैठकले उक्त विषयका सम्बन्धमा सम्बन्धित विषय विज्ञ नभएकोले सामाजिक विकास मन्त्रालयलाई छानविन गरि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय भएको र मन्त्रालयले गठन गरेको छानविन समितिको प्रतिबेदन समितिमा प्राप्त भएको र उक्त प्रतिबेदनले खरिद प्रक्रिया प्राविधिक र कानून सम्मत तरिकाले भएको निष्कर्ष सहित प्राप्त भएको । सो प्रतिबेदनका सम्बन्धमा सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवलाई आमन्त्रण गरेको बैठकमा सो प्रतिबेदन कानून सम्मत रहेको कुरा कुरा समिति बैठकमा मन्त्रालयका माननीय मन्त्री र सचिवले समेत प्रस्तुत गर्नु भएको थियो । त्यस कारण समितिको प्रतिबेदनका सम्बन्धमा थप कुनै छलफल तथा निर्णय नभएको र हाल आएर उक्त खरिद प्रक्रिया विवादीत देखिएको भनी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुखलाई मात्रै दोषी देखाइ पदमुक्त गर्ने निर्णय तर्कसंगत हुन सक्दैन । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको खरिद प्रक्रियालाई सहि रहेको प्रतिबेदन दिने सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री र सचिवलाई कारवाहीको दायरामा नल्याइ कार्यालय प्रमुखलाई मात्रै पदमुक्त गर्ने समितिको बहुमतको निर्णयप्रति हाम्रो असहमति रहेको छ ।<br>माननीय धर्म राज पाठक- सदस्य<br>माननीय हिरा सार्की - सदस्य<br>माननीय निर्मला देवी साउँद - सदस्य |
| २७ | २०८०।११।२१ | <u>निर्णय १</u><br>प्रदेश सभाको मिति २०८०।११।१६ गते बसेको तेस्रो अधिवेशनको आठौं बैठकले समाजिक विकास समितिमा दफावार छलफलका लागि पठाईएको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयक माथि समितिमा प्रारम्भिक छलफल गरि अध्ययनका लागि विधेयक समितिका माननीय सदस्यज्यूहरुलाई वितरण गरियो ।<br><u>निर्णय २</u><br>समितिको आगामी बैठक अर्को सुचना नभएसम्मका लागि स्थगित भएको घोषणा गर्नुभयो । |
| २८ | २०८०।१२।०८ | <u>निर्णय १</u><br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि प्रारम्भिक छलफल गरियो र समितिको आगामी बैठकमा सरोकारवालाहरुलाई छलफलका लागि आमन्त्रण गर्ने निर्णय गरियो । |
| २९ | २०८१।०२।०६ | <u>निर्णय १</u><br>आर्थिक वर्ष २०८०/०८१ को योजना र खर्चको अवस्था, आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा छलफल गर्न माननीय मुख्यमन्त्री एवं माननीय सामाजिक विकास मन्त्रीज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो । |
| ३० | २०८१।०२।०७ | <u>निर्णय १</u><br>आज मिति २०८१।०२।०७ गते बसेको यस समितिको बैठकमा आ.व. |

| | | |
|---|---|---|
| | | २०८०/०८१ को योजना र खर्चको अवस्था, आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा विषयगत क्षेत्रको योजना निर्माण एवं नीति तथा कार्यक्रममा समितिका माननीय सदस्यज्यूहरुले राखेका विषयलाई समेत अनिवार्य रुपमा समावेश गर्न, गराउन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिनेनिर्णय गरियो। |
| ३१ | २०८१।०२।०८ | निर्णय १<br>आर्थिक वर्ष २०८०/०८१ को योजना र खर्चको अवस्था, आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री एवं सचिव, सामाजिक विकास मन्त्रालयका सचिव र नीति तथा योजना आयोगका उपाध्यक्ष सहितका पदाधिकारीज्यूसँग गरिएको टलफलबाट प्राप्त निष्कर्षका सम्बन्धमा माननीय मुख्यमन्त्री एवं सामाजिक विकास मन्त्रीज्यूसँग छलफल गरियो । आगामी आ.व.को बजेट, सरकारको नीति तथा कार्यक्रम निर्माणमा प्रदेश सभाका माननीय सदस्यज्यूहरुको अनिवार्य सहभागित सुनिश्चित गर्न निर्देशन दिने निर्णय गरियो। |
| ३२ | २०८१।०२।११ | निर्णय १<br>सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूहरु एंव सम्बन्धित विभाग/शाखाका प्रमुख तथा प्रतिनिधिज्यूहरु सँग आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा छलफल गरी आवश्यक सुझाव एवं निर्देशन दिइयो।<br>निर्णय २<br>मिति २०८१।०२।१४ गते विहान ११:०० बजे माननीय उपसभामुख, यस समितिका माननीय सदस्यज्यूहरु र महिला माननीयज्यूहरुलाई सामाजिक क्षेत्रका विषयमा समेट्नुपर्ने अति जरुरी विषयमा छलफल गर्न आमन्त्रण गर्ने निर्णय गरियो।<br>निर्णय ३<br>आ.व. २०८१।०८२ मा यस समितिलाई आवश्यक पर्ने बजेट विनियोजन गर्न आगामी बैठकमा आवश्यक छलफल गर्ने निर्णय गरियो।<br>निर्णय ४<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि छलफल गर्न मिति २०८१।०२।१५ गते विहान ११:०० बजे बस्ने र उक्त बैठकमा सम्बन्धित सरोकारवाहरुलाइ आमन्त्रण गर्ने निर्णय गरियो। |
| ३३ | २०८१।०२।१४ | निर्णय १<br>महिला प्रदेश सभा सदस्यज्यूहरुले सामाजिक विकासका क्षेत्रमा महिला सवालका विषयहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्न सुझाव संकलन गरियो।<br>निर्णय २<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफल गरियो र आगामी बस्ने समितिको बैठकमा |

| | | |
|---|---|---|
| | | विधेयकसँग सम्बन्धित सरोकारवाहरुलाइ आमन्त्रण गर्ने निर्णय गरियो । |
| ३४ | २०८१।०२।१७ | निर्णय १<br>आज मिति २०८१।०२।१७ गते बसेको यस समितिको बैठकले तपसिल बमोजिमका विषयहरु सुदूरपश्चिम प्रदेश सरकारको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>१. द्वारिका देवी ठकुरानी महिला उत्थान कार्यक्रम अन्तरगत विशेष कार्यक्रम ल्याउनुपर्ने ।<br>२. महिला विशेषज्ञ सेवाको व्यवस्था गर्न महिलाहरुलाइ सुदूरपश्चिम प्रदेश सरकारबाट छात्रवृत्तिमा MBBS अध्ययन गर्न महिलाहरुलाइ विशेष प्राथमिकता दिनुपर्ने साथै सरल कार्यविधि र मापदण्ड बनाइ लागु गर्नुपर्ने ।<br>३. सेफहाउस र अनाथालयमा हुने गरेका घटना न्यूनीकरण गर्न प्रदेशभर रहेका सेफहाउस र अनाथालयको लगत संकलन गरी सरकारबाट नियमन र व्यवस्थापन गरिनुपर्ने ।<br>४. घरपरिवार र समुदायमा अपहेलित भएका महिलाहरुका लागि अनिवार्य रुपमा गाँस, बास र कपासको उपलब्धता हुनेगरी कार्यक्रम ल्याउनुपर्ने । |
| ३५ | २०८१।०२।२१ | निर्णय १<br>सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा सुदूरपश्चिम प्रदेशमा क्रियाशिल रहनुभएका २१ जना विषय विज्ञ तथा सरोकारवालासँग व्यापक छलफल गरी सुझाव लिने कार्य सम्पन्न गरियो ।<br>निर्णय २<br>सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर प्राप्त सुझावहरु बुदागत रुपमा तयार गरी रेकर्ड राख्ने र समितिको आगामी बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो । |
| ३६ | २०८१।०३।०१ | निर्णय १<br>मिति २०८१।०३।०४ गते देखि २०८१।०३।१३ गते सम्म असल अनुभव आदान प्रदानका लागि लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा भ्रमणमा जाने र मिति २०८१।०३।१४ गते देखि २०८१।०३।२० गते सम्म सुदूरपश्चिम प्रदेशका जिल्लाहरुमा स्वास्थ्य, शिक्षा र कृषि अनुदानको क्षेत्रहरुमा अनुगमन गर्ने निर्णय गरियो । |
| ३७ | २०८१।०३।०२ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५६ को उपनियम (१) बमोजिमको गणपुरक संख्या नपुगेकोले उपनियम(२) बमोजिम अर्को सुचना नभएसम्मका लागि आजको बैठक स्थगित भयो । |
| ३८ | २०८१।०३।२३ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, |

| | | |
|---|---|---|
| | | २०७४ को नियम १५६ को उपनियम (१) बमोजिमको गणपुरक संख्या नपुगेकोले उपनियम(२) बमोजिम अर्को सुचना नभएसम्मका लागि आजको बैठक स्थगित भयो। |
| ३९ | २०८१।०५।०५ | निर्णय १<br>समिति सचिवालयबाट तयार गरिएको सामाजिक विकास समितिको कार्यविधि, २०८१ को मस्यौदा समिति समक्ष पेश भयो। उक्त कार्यविधि अध्ययन पश्चात समितिको अर्को बैठकमा छलफल गर्ने प्रयोजनका लागि समितिका माननीय सदस्यहरुलाई वितरण गरियो।<br>निर्णय २<br>आगामी आ.व. ०८१।०८२ को बजेट तयारीको पुर्वसन्ध्यामा रहेकोले सामाजिक विकास समितिले आफ्नो क्षेत्राधिकारभित्र रहेका क्रियाकलापहरु सञ्चालन गर्नका लागि समितिलाई आवश्यक तपशिल बमोजिमको बजेट तथा कार्यक्रमहरु आगामी वर्षको बजेटमा सुनिश्चितता हुने व्यवस्थाका लागि प्रदेश सभा सचिवालयलाई लेखि पठाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।<br>तपशिल<br>क)समितिको विविध खर्च<br>ख) समितिमा आमन्त्रित भएका अथितिहरुका लागि मायाको चिनो<br>ग) समितिका सदस्यहरुलाई विधेयकको मस्यौदा तयारी र प्रतिवेदन लेखन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम - ५ लाख<br>घ) प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनेका कानुनको उत्तरविधायीकी परिक्षण सम्बन्धी अध्ययन अनुसन्धान - ७ लाख<br>ङ) संसदीय निगरानीका लागि अनुगमन, अवलोकन, भ्रमण - ७ लाख<br>च) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सरोकारवालाहरुसँग परामर्श/अन्तरक्रिया - ७ लाख<br>छ) कृषि, सहकारी, स्वास्थ्य, खेलकुद लगायतका क्षेत्रहरुको विकासको सम्भावना बारे स्थलगत अध्ययन, अनुसन्धान - १० लाख<br>ज) कृषि, सहकारी, शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारिरिक असक्षमता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, युवा तथा खेलकुद लगायतका क्षेत्रमा अन्य राष्ट्रहरुले अवलम्वन गरेको नीति र व्यवस्थापकीय अभ्यासका सम्बन्धमा समितिका सदस्य एवं कर्मचारीहरुलाई अन्तरदेशीय अध्ययन अनुसन्धान कार्यक्रम - ३० लाख<br>झ) समितिका सदस्यहरुको व्यवस्थापकीय क्षमता विकास तालिम - १५ लाख<br>ञ) संसदीय कार्यप्रक्रिया र कार्यपद्दतीको संघीय/अन्तरप्रदेश अध्ययन, अनुसन्धान र अवलोकन कार्यक्रम - १५ लाख<br>निर्णय ३<br>विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकाय तथा विकास साझेदारहरुले सुदूरपश्चिम प्रदेशभर सञ्चालन गर्दै आएका यस समितिको |

| | | |
|---|---|---|
| | | कार्यक्षेत्रभित्रका मन्त्रालयसँग सम्बन्धित कार्यक्रम र सोसँग सम्बन्धित कार्यक्षेत्रको विस्तृत विवरण समितिमा तत्काल उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।<br>निर्णय ४<br>गत आ.व. ०८०।०८१ मा सामाजिक विकास समितिका लागि विनियोजित बजेट तथा कार्यक्रम तथा खर्च शिर्षकगत प्रगति विवरण प्रदेश सभा सचिवालयबाट माग गर्ने निर्णय गरियो ।<br>निर्णय ५<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ४० | २०८१।०५।१४ | निर्णय १<br>सामाजिक विकास समितिको मिति २०८१।०५।०५ गते बसेको ३९औं बैठकको निर्णयानुसार माग भएबमोजिम समिति सचिवालयमा प्राप्त भएको विवरणहरु समिति समक्ष पेश भयो । तत्सम्बन्धमा आवश्यक छलफल आगामी दिनका बैठकहरुमा गर्ने निर्णय गरियो ।<br>निर्णय २<br>समिति सचिवालयबाट तयार गरिएको सामाजिक विकास समितिको कार्यविधि, २०८१ को मस्यौदाका सम्बन्धमा समितिमा दफावार छलफल भयो । छलफलका क्रममा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव समेतलाई उक्त मस्यौदामा समावेश गरी समितिको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>दफावार छलफलका लागि समितिमा प्राप्त भएको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा समयानुकुल हुने गरी आगामी बैठकमा छलफल अगाडी बढाउने निर्णय गरियो ।<br>निर्णय ४<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ४१ | २०८१।०५।२५ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५६ को उपनियम (१) बमोजिमको गणपुरक संख्या नपुगेकोले उपनियम(२) बमोजिम अर्को सुचना नभएसम्मका लागि आजको बैठक स्थगित भयो । |
| ४२ | २०८१।०७।१२ | निर्णय १<br>अघिल्लो बैठकमा भएको छलफलका क्रममा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव समेतलाई समावेश गरी समिति सचिवालयबाट तयार भई पेश भएको सामाजिक विकास समितिको कार्यविधि, २०८१ को मस्यौदा उपर थप छलफल गरियो ।<br>निर्णय २ |

| | | |
|---|---|---|
| | | अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो। |
| ४३ | २०८१।०७।१३ | निर्णय १<br>समितिको आजको बैठकमा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव सहित समावेश गरी तयार गरिएको देहाय बमोजिमको "सामाजिक विकास समितिको कार्यविधि, २०८१" कार्यविधि पारित गरियो।<br>निर्णय २<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर थप राय सुझाव लिनका लागि सुदूरपश्चिम प्रदेश सभाका संसदीय दलका नेता र विषयगत समितिका सभापतिज्यूहरुलाई समितिको अर्को बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।<br>निर्णय ३<br>भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट देहायबमोजिमको विवरण तत्काल माग गर्ने निर्णय गरियोः-,<br>क) सुदूरपश्चिम प्रदेशभित्र हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शितभण्डार (Cold Store) हरुको विस्तृत विवरण।<br>ख) मन्त्रालय तथा अन्तर्गतबाट गत आ.व. मा वितरण भएका अनुदानको विस्तृत विवरण।<br>निर्णय ४<br>सामाजिक विकास समितिको बार्षिक प्रतिवेदनको मस्यौदा तयारीका लागि समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।<br>निर्णय५<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो। |
| ४४ | २०८१।०८।०३ | निर्णय १<br>प्रतिनिधि सभाका पूर्व सभामुख श्री दमननाथ ढुङ्गानाको ८३ वर्षको उमेरमा हिजो अपरान्ह निधन भएकोमा गहिरो शोक प्रकट गर्दै सामाजिक विकास समिति भावपुर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछ। यस दुःखद घडीमा शोसन्तप्त परिवारजन र शुभेच्छुकहरुप्रति गहिरो समवेदना प्रकट गर्दै आजको बैठकको कार्यसुचिमा रहेका सम्पुर्ण प्रस्तावहरु कार्यसुचिबाट हटाउने गर्ने निर्णय गरियो।<br>निर्णय २<br>मिति २०८१ साल मंसिर ४ गते दिउँसो ०१:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो। |
| ४५ | | निर्णय १<br>समिति सचिवालयबाट तयार पारिएको सामाजिक विकास समितिको बार्षिक प्रतिवेदन, २०८१ को मस्यौदा समितिमा पेश भयो। उक्त प्रतिवेदन |

| | | |
|---|---|---|
| | २०८१।०८।०४ | अध्ययन गरी औचित्यता र सान्दर्भिकताका आधारमा समितिको अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।<br>निर्णय २<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर हालसम्म भएको छलफलका बारेमा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट रचनात्मक सुझाव प्राप्त भयो । तत्सम्बन्धमा थप छलफल तथा परामर्श गर्नका लागि सुदूरपश्चिम प्रदेश सभाका संसदीय दलका नेता र विषयगत समितिका सभापतिज्यूहरुलाई समितिको अर्को बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>मिति २०८१ साल मंसिर ११ गते दिउँसो ०१:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ४६ | २०८१।०८।११ | निर्णय १<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर सुदूरपश्चिम प्रदेश सभाका संसदीय दलका नेता र विषयगत समितिका सभापतिज्यूहरुसँग छलफल गरियो । छलफलका क्रममा विभिन्न संसदीय दलका माननीय नेता एवं विषयगत समितिका सभापतिज्यूहरुबाट उठान भएका रचनात्मक सुझावहरुलाई औचित्यता र सान्दर्भिकताका आधारमा विधेयकमा समावेश गर्ने निर्णय गरियो ।<br>निर्णय २<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर विभिन्न चरणमा भएका छलफल तथा विज्ञहरुबाट प्राप्त भएका रचनात्मक सुझावहरुलाई औचित्यता र सान्दर्भिकताका आधारमा संशोधन विधेयकमा समेटी प्रतिवेदनको मस्यौदा तयार गर्नका लागि समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>निर्णय ३<br>मिति २०८१ साल मंसिर १४ गते दिउँसो ०२:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ४७ | २०८१।०८।१४ | निर्णय १<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर विभिन्न चरणमा भएका छलफल तथा विज्ञहरुबाट प्राप्त भएका रचनात्मक सुझावहरुलाई औचित्यता र सान्दर्भिकताका आधारमा संशोधन विधेयकमा समेटी विधेयकको प्रतिवेदनको मस्यौदा समिति सचिवालयबाट तयार भई समितिको आजको बैठकमा पेश भयो ।<br>निर्णय २<br>समिति सचिवालयबाट तयार भई आएको विधेयकको प्रतिवेदनको मस्यौदा समितिका माननीय सदस्यहरु एवं सामाजिक विकास मन्त्री र सचिवलाई अध्ययन गरि थप राव सुझाव प्राप्त गर्ने प्रयोजनका लागि उपलब्ध गराउने र |

| | | |
|---|---|---|
| | | समितिको आगामी बैठकमा आ-आफ्नो सुझाव सहित पेश गर्न अनुरोध गर्ने निर्णय गरियो।<br>निर्णय ३<br>सामाजिक विकास समितिको मिति २०८१।०७।१३ गते बसेको ४३औं बैठकको निर्णयानुसार भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट माग भएबमोजिम समिति सचिवालयमा प्राप्त भएको विवरणहरु समितिको आजको बैठकमा पेश भयो । तत्सम्बन्धमा आगामी दिनका बैठकहरुमा आवश्यक छलफल गर्ने निर्णय गरियो।<br>निर्णय ३<br>मिति २०८१ साल मंसिर २२ गते शनिवार विहान ११:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो। |
| ४८ | २०८१।०८।२२ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा विभिन्न चरणमा भएका छलफल तथा विज्ञहरुबाट प्राप्त भएका रचनात्मक सुझावहरुलाई औचित्यता र सान्दर्भिकताका आधारमा संशोधन विधेयकमा समेटी समिति सचिवालयबाट तयार गरिएको विधेयकको प्रतिवेदनको मस्यौदा उपर वृहत रुपमा छलफल भयो।<br>निर्णय २<br>सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदनका सम्बन्धमा छलफलमा माननीय सामाजिक विकास मन्त्रीलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।<br>निर्णय २<br>मिति २०८१ साल मंसिर २८ गते शुक्रवार विहान ११:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो। |
| ४९ | २०८१।०८।२८ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर थप छलफल भयो। प्रदेश सभाको मिति २०८०।११।१६ गते बसेको तेस्रो अधिवेशनको आठौं बैठकले समाजिक विकास समितिमा दफावार छलफलका लागि पठाईएको यस विधेयकका सम्बन्धमा विभिन्न चरणमा भएका छलफल तथा विज्ञहरुबाट प्राप्त भएका रचनात्मक सुझावहरुलाई औचित्यता र सान्दर्भिकताका आधारमा संशोधन विधेयकमा समेटी समिति सचिवालयबाट तयार गरिएको विधेयकको प्रतिवेदनको मस्यौदा उपर वृहत रुपमा छलफल भयो । आजको बैठकमा सामाजिक विकास मन्त्रीको समेत उपस्थिति रहेको थियो। बैठकमा उपस्थित सबै माननीय सदस्यहरुले छलफलका क्रममा आ-आफ्ना भनाई राख्नुभयो। छलफल भएपश्चात सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी बैठकमा पेश भएको प्रतिवेदनको मस्यौदालाई |

| | | |
|---|---|---|
| | | सामान्य परिमार्जन सहित यस विधेयकसम्बन्धी समितिको प्रतिवेदनको रुपमा देहाय बमोजिम पारित गर्ने निर्णय गरियो ।<br>निर्णय २<br>समितिको आजको बैठकले पारित गरेको सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने व्यवस्था मिलाईदिनका लागि माननीय सभामुखज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ५० | २०८१।०९।०८ | निर्णय १<br>सामाजिक विकास समितिको बार्षिक प्रतिवेदन, २०८१ को मस्यौदा उपर समितिमा छलफल भई समितिका सदस्यबाट रचनात्मक सुझावहरु प्राप्त भयो । माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव समेतलाई प्रतिवेदनमा समावेश गर्ने निर्णय गरियो ।<br>निर्णय २<br>सरकारका नीति कार्यान्वयनका लागि संसदबाट पारित भएका हरेक कानुन सहयोगी सिद्ध हुनपर्छ। कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्नका लागि समितिले त्यस्ता कानुनहरुको मापन गर्नुपर्ने हुन्छ । सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) ले सुम्पेको सोही जिम्मेवारी बमोजिम दलित सशक्तिकरण ऐन, २०७८ को कार्यान्वयन मापन गर्नुपर्ने ठहर समितिले गरेको छ । सोही प्रयोजनका लागि प्रारम्भिक चरणमा दलित सशक्तिकरण ऐन, २०७८ का सवालमा सरोकारवाला पक्षहरुसँग छलफल गर्नका लागि समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>मिति २०८१ साल पौष १० गते अपरान्ह १२:०० बजे समितिको अर्को बैठक बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ५१ | २०८१।०९।१० | निर्णय १<br>आजको बैठकमा आमन्त्रित विज्ञ सरोकारवालाहरुसँग सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) बमोजिम कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्ने प्रयोजनका लागि सुदूरपश्चिम प्रदेशमा विद्यमान रहेको दलित सशक्तिकरण ऐन, २०७८ उपर भएको छलफलमा रचनात्मक सुझावहरु प्राप्त भयो । छलफलमा सुदूरपश्चिम प्रदेशमा रहेका दलितका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो । साथै प्रदेश सरकारका पुर्व सामाजिक राज्यमन्त्रीलाई समेत सरोकारवालाका रुपमा आमन्त्रण गरिएको थियो । छलफलमा उपस्थित सरोकारवालाहरुले ऐन बनेको ४ वर्षसम्म पनि सुदूरपश्चिम प्रदेश सरकारले त्यसलाई |

| | | |
|---|---|---|
| | | कार्यान्वयनमा ल्याउन नसकेकोले उक्त ऐन तत्काल कार्यान्वयन हुनुपर्ने माग राख्नुभएको थियो । ऐन बमोजिम गठन हुने समितिहरुमा भौगोलिक समावेशीतालाई समेत ध्यान दिनुपर्नेमा सरोकारवालाहरुको जोड रहेको थियो।<br>निर्णय २<br>सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) ले सुम्पेको सोही जिम्मेवारी बमोजिम दलित सशक्तिकरण ऐन, २०७८ को कार्यान्वयन मापन गर्ने प्रयोजनका लागि प्रारम्भिक चरणमा दलित सशक्तिकरण ऐन, २०७८ का सवालमा छलफल गर्नका लागि सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री र सचिवलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।<br>निर्णय ३<br>समितिको अर्को बैठक मिति २०८१ साल पौष ११ गते विहान १२:३० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ५२ | २०८१।०९।११ | निर्णय १<br>आजको बैठकमा सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) बमोजिम कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्ने प्रयोजनका लागि सुदूरपश्चिम प्रदेशमा विद्यमान रहेको दलित सशक्तिकरण ऐन, २०७८ उपर भएको छलफलमा रचनात्मक सुझावहरु प्राप्त भयो । छलफलमा सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री, प्रदेश सचिव र मन्त्रालयका कानुन अधिकृतको सहभागिता रहेको थियो । छलफलका क्रममा मन्त्रालयका सचिवले ऐन कार्यान्वयन नै नभएको भन्नेमा कुनै सत्यता नभएको दावी गर्नुभयो । उहाँले ऐनको दफा ३ बमोजिमको प्रादेशिक जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति गठन भएर प्राप्त अधिकार बमोजिमको कार्यसम्पादन समेत भईरहेको जानकारी गराउनुभयो । सरोकारवालाको चासो भनेको दफा ९ बमोजिमको दलित सशक्तिकरण तथा विकास समिति गठन नभएकोमा हो । प्रदेश सरकारको प्रशासनिक दरबन्दी संरचनामा विशिष्ट श्रेणी पद नरहेको हुँदा ऐनको दफा ९ को उपदफा (४) कार्यान्वयनमा प्रशासनिक असहजता रहेकोले उक्त बाधा अड्काउ फुकाउने बित्तिकै ऐनको उक्त उपदफा कार्यान्वयनमा तत्काल ल्याउन सकिने बताउनुभयो । त्यसैगरी ऐनको दफा ९ को उपदफा (१) को खण्ड (च) मा भएको प्रावधानले गर्दा उपदफा (३) को व्यवस्था कार्यान्वयनमा समेत असहज भएको जिकिर गर्नुभयो ।<br>सोही छलफलमा माननीय मन्त्रीज्यूले मन्त्रालयका सचिवले प्रष्ट्याएको विषयका कारण नै ऐन कार्यान्वयनमा आउन नसकेको भन्ने अफवाह सिर्जना भएको जानकारी समितिलाई दिनुभयो । दलितका हकहितलाई सुनिश्चित गर्नेतर्फ मन्त्रालय सदैव सहयोगी सिद्ध हुने भएकोले ऐन कार्यान्वयनका क्रममा देखिएका अप्ठ्यारालाई असल नियतका साथ संशोधन गर्ने तयारी |

| | | |
|---|---|---|
| | | मन्त्रालयको रहेको बताउदै उहाँले दलित विकास समितिको उपाध्यक्ष योग्य र सक्षम भए ऐनको उद्देश्य हाँसिल गर्नमा मदत पुग्ने विश्वास मन्त्रालयले लिएको जानकारी गराउनुभयो ।<br>निर्णय २<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ५३ | २०८१।१०।२७ | निर्णय १<br>सामाजिक विकास समितिका सभापतिज्यूको नेतृत्वमा सुदूरपश्चिम प्रदेश सरकारको अनुदानमा निर्माण सम्पन्न भएका कैलाली, कञ्चनपुर र डडेल्धुरामा रहेका कोल्डस्टोरहरुको अनुगमन, अवलोकन र निरिक्षणका लागि मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म कैलाली, कञ्चनपुर र डडेल्धुराका विभिन्न स्थानहरुमा जाने र तत्सम्बन्धी कार्यक्रम तयारी र आवश्यक व्यवस्थापनका लागि समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>निर्णय २<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ५४ | २०८१।११।०४ | निर्णय १<br>सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५५ को उपनियम (१) बमोजिम माननीय सभामुखज्यूले मिति २०८१ फागुन ०४ गते यस समितिको सभापित पदको निर्वाचन हुने गरी मिति तोक्नु भएकोले सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १५५ को उपनियम (२) बमोजिम दर्ता भएको एक मात्र प्रस्तावको प्रस्तावक माननीय कैलाश चौधरी र समर्थक माननीय माया पन्त भएको "माननीय धर्मराज पाठकलाई सामाजिक विकास समितिको सभापति पदमा निर्वाचित गरियोस" भन्ने प्रस्तावलाई समितिको वैठकमा प्रस्तुत गर्दा माननीय धर्मराज पाठक सामाजिक विकास समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गरियो ।<br>निर्णय २<br>सामाजिक विकास समितिको सभापति पदमा माननीय धर्मराज पाठक निर्विरोध निर्वाचित हुनु भएकोले सो को जानकारी माननीय सभामुखज्यूलाई जानकारी गराउने निर्णय गरियो ।<br>निर्णय ३<br>सामाजिक विकास समितिको अर्को वैठक आजै दिनको ४:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि समितिको आजको बैठक स्थगित भयो । |
| ५५ | २०८१।११।०४-१ | निर्णय १<br>सामाजिक विकास समितिको सभापति पदमा माननीय धर्मराज पाठकज्यू निर्विरोध निर्वाचित भई सभापति पदको शपथ ग्रहण समेत भएकोले उँहालाई यस समितिका माननीय सदस्यज्यूहरु र समिति सचिवालयका तर्फबाट बधाई दिदै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| | | निर्णय २<br>सामाजिक विकास समितिको सभापतिको पद रिक्त रहेपश्चात समितिको जेष्ठ सदस्यको हैसियतले मिति २०८१।०२।२२ गतेदेखि समितिका विभिन्न काम कारवाही सम्पन्न गर्दै आजसम्म समितिको बैठक प्रभावकारी रुपमा सञ्चालन गर्नुभएकोमा माननीय शिवराज भट्टलाई धन्यवाद दिने निर्णय गरियो।<br>निर्णय ३<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो। |
| ५६ | २०८१।११।२१ | निर्णय १<br>सुदूरपश्चिम प्रदेश सरकारको अनुदानमा निर्माण सम्पन्न भएका कैलाली, कञ्चनपुर र डडेल्धुरामा रहेका कोल्डस्टोरहरुको विद्यमान अवस्थाका सम्बन्धमा मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म सामाजिक विकास समितिका तर्फबाट भएको अनुगमन, अवलोकन र निरिक्षणको प्रतिवेदन समितिको बैठकमा पेश भयो।<br>निर्णय २<br>आजको बैठकमा सामाजिक विकास समितिका तर्फबाट मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म कैलाली, कञ्चनपुर र डडेल्धुराका विभिन्न स्थानहरुमा निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शीत भण्डार (Cold Store) हरुको अनुगमन, अवलोकन र निरिक्षण गरिएको व्यहोरा अवगत गराउँदै अनुगमनबाट प्राप्त वस्तुस्थितिका सम्बन्धमा छलफल गरियो । प्रतिवेदनमा उल्लेख भएको वस्तुस्थितिका सम्बन्धमा समितिका माननीय सदस्य शिवराज भट्ट, माननीय जानकी देवी कुँवर, माननीय खुशिराम डगौरा थारु, माननीय माया पन्त र माननीय कैलाश चौधरीले आफ्नो धारणा तथा जिज्ञासा राख्नुभएको थियो । तत्पश्चात समितिका माननीय सदस्यहरुबाट उठाईएका जिज्ञासा र प्रश्नहरुका सम्बन्धमा जवाफ दिनका लागि माननीय सभापतिबाट समय उपलब्ध भएपछि भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका निमित्त सचिव गोकुल बोहरा र कृषि विकास निर्देशनालयका महानिर्देशक खगेन्द्र प्रसाद शर्माले आफ्नो धारणा राख्नु भयो।<br>निर्णय ३<br>सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लामा निर्माणाधीन तथा निर्माण सम्पन्न भएका सबै कोल्डस्टोरहरुको छनौट तथा कार्यान्वयनका सम्बन्धमा मन्त्रालयबाट तयार भएका कार्यविधि, मापदण्ड लगायतका कानुनी दस्तावेज, योजनाको स्विकृत लागत अनुमान, सम्झौता तथा यथार्थ खर्च विवरण र बेरुजु भए सो समेतको प्रमाणित प्रतिलिपिहरु ५ दिन भित्र समितिमा उपलब्ध गराउन भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।<br>निर्णय ४<br>सुदूरपश्चिम प्रदेश सरकारबाट शिक्षा र स्वास्थ्यसँग सम्बन्धित विषयमा |

| | | |
|---|---|---|
| | | निर्माण गरिएका विद्यमान कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्नका लागि विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गर्ने प्रयोजनका लागि समितिका सभापति र समिति सचिवको समन्वयमा मिति तय गरी समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।<br>निर्णय ५<br>अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो । |
| ५७ | २०८१।११।२९ | निर्णय १<br>समितिको आजको बैठकमा सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १६२ को उपनियम (१) बमोजिमको गणपुरक संख्या नपुगेकोले उपनियम (२) बमोजिम आजै मिति २०८१।१२।२९ गते दिउँसो ०२:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो । |
| ५८ | २०८१।११।२९-१ | निर्णय १<br>आजको बैठकमा राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख प्रकाशदत्त भट्टले सुदूरपश्चिम प्रदेशमा मानव अधिकारका सवाल र नेपालको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था समेटी प्रस्तुत गरेको वस्तुस्थितिका सम्बन्धमा समितिलाई जानकारी गराएपश्चात प्रस्तुत व्यहोरा लिखित रुपमा समितिमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।<br>निर्णय २<br>सामाजिक विकास समितिका तर्फबाट मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म कैलाली, कञ्चनपुर र डडेल्धुराका विभिन्न स्थानहरुमा निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शीत भण्डार (Cold Store) हरुको अनुगमन, अवलोकन र निरिक्षण गरिएको व्यहोरा सभापतिबाट प्रस्तुत भएपश्चात तत्सम्बन्धमा मन्त्रालयबाट भएको कामकारवाहीका सम्बन्धमा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव यज्ञराज जोशीले प्रचलित कानुन बमोजिम कारवाहीको प्रक्रिया थालनी गरेको लगायतका विषयहरु प्रस्तुत गरे लगत्तै उक्त विषयवस्तुका सम्बन्धमा समितिका माननीय सदस्य शिवराज भट्ट, माननीय जानकी देवी कुँवर, माननीय खुशिराम डगौरा थारु, माननीय तुलसी देवकोटा र माननीय कैलाश चौधरीले आफ्नो धारणा तथा जिज्ञासा राख्नुभएको थियो । तत्पश्चात समितिका माननीय सदस्यहरुबाट उठाईएका जिज्ञासा र प्रश्नहरुका सम्बन्धमा जवाफ दिनका लागि माननीय सभापतिबाट समय उपलब्ध भएपछि भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव यज्ञराज जोशीले जवाफ दिनुभयो ।<br>अन्तमा माननीय मन्त्री विर बहादुर थापाज्यूले समितिमा उठेका जिज्ञासालाई थप स्पष्ट पार्नु भयो । मन्त्रालयले बैठकमा पेश गरे बमोजिम निर्माण व्यवसायीलाई कालोसुचीमा राखेको कागाजातहरु तथा अन्य व्यहोरा लिखित रुपमा समितिमा उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो । |

| | | |
|---|---|---|
| | | निर्णय ३<br>मन्त्रालयले चालु आ.व ०८१।०८२ मा प्रत्यायोजित विधायन अन्तर्गत बनाएका कानूनहरु सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३३ को उपनियम (१) बमोजिमको अवधीभित्र अनिवार्य रुपमा समितिलाई उपलब्ध गराउने व्यवस्थाका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।<br>निर्णय ४<br>समितिको आजको बैठकमा औचित्यता र सान्दर्भिकताका आधारमा समितिका माननीय सदस्यहरुबाट प्राप्त रचनात्मक सुझाव सहित समावेश गरी तयार गरिएको सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भयो र नियमानुसार समितिको यो वार्षिक प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो।<br>निर्णय ५<br>अर्को सुचना नभएसम्मका लागि समितिको आजको बैठक स्थगित भयो। |

# अनुसुचि- ३
## बैठकको संक्षिप्त विवरण

| क्र.सं. | मिति | बैठक संख्या | कार्यसुचि | मन्त्रालय/निकाय/समिति | सभापति | जम्मा बैठक संख्या | विधेयक |
|---|---|---|---|---|---|---|---|
| १ | २०८०।०२।१७ | १ | समितिमा स्वागत | समिति | मा. शिवराज भट्ट | ४ | - |
| २ | २०८०।०२।१८ | २ | प्रगति समिक्षा | सामाजिक विकास मन्त्रालय | | | |
| ३ | २०८०।०२।१८ | ३ | प्रगति समिक्षा | भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | | | |
| ४ | २०८०।०२।३१ | ४ | आन्तरिक कार्यप्रणाली | समिति | | | |
| ५ | २०८०।०३।०४ | ५ | स्थलगत अनुगमन र अवलोकन भ्रमण | समिति | मा. हिरा सार्कि | १५ | - |
| ६ | २०८०।०५।१९ | ६ | आ.व. ०७९/०८० मा सम्पन्न भएका वा सञ्चालनको अवस्थामा रहेका कार्यक्रमहरुको प्रगति विवरण माग गर्ने | - सामाजिक विकास मन्त्रालय<br>- भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | | | |
| ७ | २०८०।०५।२४ | ७ | सामान्य छलफल | समिति | | | |
| ८ | २०८०।०६।०४ | ८ | सेती प्रादेशिक अस्पतालबाट प्रदान गरिने सेवा सुविधालगायतका विविध विषयमा प्राप्त जनगुनासाहरु माथि छलफल | सामाजिक विकास मन्त्रालय | | | |
| ९ | २०८०।०६।१४ | ९ | - खरिद सम्बन्धी उजुरीमाथि छलफल<br>-सेती प्रादेशिक र टिकापुर अस्पताल अनुगमन | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | | | |
| १० | २०८०।०६।१७ | १० | समितिमा प्राप्त खरिद सम्बन्धी उजुरीमाथि छलफल | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | | | |
| ११ | २०८०।०६।२४ | ११ | खरिद सम्बन्धी उजुरीका विषयहरुमा जवाफ माग | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | | | |
| १२ | २०८०।०६।३० | १२ | उजुरी सम्बन्धि विषयहरुमा प्राप्त जवाफ उपर | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | छलफल | केन्द्र | | | |
| १३ | २०८०।०८।१७ | १३ | सामान्य छलफल | समिति | | | |
| १४ | २०८०।०८।२० | १४ | - समितिमा प्राप्त उजुरी सम्बन्धमा छलफल<br>- विभिन्न स्वास्थ्यसंस्थाहरुको अनुगमन गर्ने | - सामाजिक विकास मन्त्रालय<br>- समिति | | | |
| १५ | २०८०।०९।०४ | १५ | सामान्य छलफल | समिति | | | |
| १६ | २०८०।०९।०५ | १६ | समितिले गरेको अनुगमनको समिक्षा | समिति | | | |
| १७ | २०८०।०९।०८ | १७ | अनुगमन प्रतिवेदन उपर छलफल | समिति | | | |
| १८ | २०८०।०९।१३ | १८ | मन्त्रालयका समस्या तथा चुनौतिबारे छलफल | भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | | | |
| १९ | २०८०।०९।२५ | १९ | सभापति निर्वाचन | समिति | | | |
| २० | २०८०।०९।२५ | २० | बधाई तथा शुभकामना प्रदान | समिति | | | |
| २१ | २०८०।१०।०८ | २१ | - अनुदान वितरणमा व्यापक अनियमितता भएको उजुरी<br>- मन्त्रालयबाट प्राप्त छानविन प्रतिवेदन | - भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय<br>- सामाजिक विकास मन्त्रालय | | | |
| २२ | २०८०।१०।१० | २२ | अनुगमन प्रतिवेदनमाथि छलफल | समिति | | | |
| २३ | २०८०।१०१२ | २३ | - अनगमन प्रतिवेदन बुझाउने<br>- उजुरी उपर छलफल | - सामाजिक विकास मन्त्रालय<br>- भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | मा. माया पन्त | १६ | - |
| २४ | २०८०।१०।१५ | २४ | सामान्य छलफल | समिति | | | |
| २५ | २०८०।११।०८ | २५ | कोरम नपुगेर बैठक स्थगित | समिति | | | |
| २६ | २०८०।११।१३ | २६ | खरिद सम्बन्धी उजुरीमा छलफल | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | | | |
| २७ | २०८०।११।२१ | २७ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयकमाथि छलफल | समिति | | | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई |
| २८ | २०८०।१२।०८ | २८ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई | समिति | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | संसोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल | | | | संसोधन गर्न बनेको विधेयक |
| २९ | २०८१।०२।०६ | २९ | आगामि आ.व.को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा छलफल | मुख्यमन्त्रि<br>सामाजिक विकास मन्त्रालय | | | |
| ३० | २०८१।०२।०७ | ३० | आन्तरिक कार्यप्रणाली | समिति | | | |
| ३१ | २०८१।०२।०८ | ३१ | आगामि आ.व.को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा छलफल | - सामाजिक विकास मन्त्रालय<br>- भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय<br>- प्रदेश नीति आयोग | | | |
| ३२ | २०८१।०२।११ | ३२ | आगामि नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा छलफल | - सामाजिक विकास मन्त्रालय<br>- भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | | | |
| ३३ | २०८१।०२।१४ | ३३ | -सामाजिक विकासका क्षेत्रमा महिला सवालका विषयहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्न सुझाव संकलन<br>- विधेयकमा दफावार छलफल | - महिला प्रदेश सभा सदस्यहरु<br>- समिति | | | |
| ३४ | २०८१।०२।१७ | ३४ | आगामि आ.व.को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा छलफल | समिति | | | |
| ३५ | २०८१।०२।२१ | ३५ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयकमाथि छलफल | विषय विज्ञ र सरोकारवाला | | | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयक |
| ३६ | २०८१।०३।०१ | ३६ | समितिको आन्तरिक कार्यप्रणाली | समिति | मा. प्रकाश वम | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७ | २०८१।०३।०३ | ३७ | कोरम नपुगेर बैठक स्थगित | समिति | | | |
| ३८ | २०८१।०३।२३ | ३८ | कोरम नपुगेर बैठक स्थगित | समिति | | | |
| ३९ | २०८१।०५।०५ | ३९ | समितिको आन्तरिक कार्यप्रणाली | समिति | | | |
| ४० | २०८१।०५।१४ | ४० | - समितिको आन्तरिक कार्यप्रणाली<br>-समितिको कार्यविधिको मस्यौदामा छलफल | समिति | | | |
| ४१ | २०८१।०५।२५ | ४१ | कोरम नपुगेर बैठक स्थगित | समिति | | | |
| ४२ | २०८१।०७।१२ | ४२ | समितिको कार्यविधिको मस्यौदामा छलफल | समिति | | | |
| ४३ | २०८१।०७।१३ | ४३ | - समितिको कार्यविधि पारित<br>- सुदूरपश्चिम प्रदेशभित्र हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शितभण्डार (Cold Store) हरुको विस्तृत विवरण र मन्त्रालय तथा अन्तर्गतबाट गत आ.व. मा वितरण भएका अनुदानको विस्तृत विवरण । | - समिति<br>- भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मा. शिवराज भट्ट | १८ | |
| ४४ | २०८१।०८।०३ | ४४ | पूर्व सभामुख श्री दमननाथ ढुङ्गानाको निधन भएकोमा गहिरो शोक प्रकट गर्दै सामाजिक विकास समिति भावपुर्ण श्रद्धाञ्जलि व्यक्त | समिति | | | |
| ४५ | २०८१।०८।०४ | ४५ | - समितिको आन्तरिक कार्यप्रणाली<br>- सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर छलफल तथा परामर्श गर्नका लागि सुदूरपश्चिम प्रदेश सभाका संसदीय दलका नेता र विषयगत समितिका | समिति | | | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सभापतिज्यूहरुलाई समितिको अर्को बैठकमा आमन्त्रण | | | | |
| ४६ | २०८१।०८।११ | ४६ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर छलफल | समिति | | | |
| ४७ | २०८१।०८।१४ | ४७ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर छलफल | समिति | | | |
| ४८ | २०८१।०८।२२ | ४८ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक उपर छलफल | समिति | | | |
| ४९ | २०८१।०८।२८ | ४९ | सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन पारित | समिति | | | |
| ५० | २०८१।०९।०८ | ५० | - समितिको आन्तरिक कार्यप्रणाली<br>- समितिको वार्षिक प्रतिवेदनको मस्यौदा उपर छलफल | समिति | | | |
| ५१ | २०८१।०९।१० | ५१ | दलित सशक्तिकरण ऐन, २०७८ कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषयका सम्बन्धमा सरोकारवाला पक्षसँग छलफल | समिति<br>सरोकारवाला समुह | | | |
| ५२ | २०८१।०९।११ | ५२ | दलित सशक्तिकरण ऐन, २०७८ कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषयका सम्बन्धमा माननीय सामाजिक विकास मन्त्री र सचिवसँग छलफल | समिति<br>सामाजिक विकास मन्त्रालय | | | |
| ५३ | २०८१।१०।२७ | ५३ | समितिको आन्तरिक कार्यप्रणाली | समिति | | | |
| ५४ | २०८१।११।०४ | ५४ | सभापति निर्वाचन | समिति | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५५ | २०८१।११।०४ | ५५ | बधाई तथा शुभकामना प्रदान | समिति | मा. धर्मराज पाठक | ३ | |
| ५६ | २०८१।११।२१ | ५६ | - सुदूरपश्चिम प्रदेश सरकारको अनुदानमा निर्माण सम्पन्न भएका कैलाली, कञ्चनपुर र डडेल्धुरामा रहेका कोल्डस्टोरहरुको अनुगमन, अवलोकन र निरिक्षणको प्रतिवेदन समितिको बैठकमा पेश र मन्त्रालयका मन्त्री तथा सचिवसँग छलफल<br>- समितिको आन्तरिक कार्यप्रणाली | भुमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय<br>समिति | | | |
| ५७ | २०८१।१२।२९ | ५७ | कोरम नपुगेर बैठक स्थगित | समिति | | | |
| ५८ | २०८१।१२।२९ | ५८ | - मानव अधिकारका सवाल र नेपालको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगसँग छलफल<br>- सुदूरपश्चिम प्रदेश सरकारको अनुदानमा निर्माण सम्पन्न भएका कैलाली, कञ्चनपुर र डडेल्धुरामा रहेका कोल्डस्टोरहरुको अनुगमन, अवलोकन र निरिक्षणको प्रतिवेदन समितिको बैठकमा पेश र मन्त्रालयका मन्त्री तथा सचिवसँग छलफल<br>- समितिको वार्षिक प्रतिवेदनको मस्यौदा २०८१ पारित | - राष्ट्रिय मानवअधिकार आयोग<br>- भुमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय<br>- समिति | | | |

<u>अनुसूची –४</u>

समितिको बैठक र अनुगमनका केही झलकहरु















जिल्ला अस्पताल बैतडी


स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल,दार्चुला




